# दानियलको पुस्तक

### दानियललाई बाबेलमा लगियो

१ तेस्रो वर्षमा यहूदाका राजा यहोयाकीमको शासनकालमा बाबेलका राजा नबूकदनेस्सरले यरूशलेममा आफ्ना सेनाद्वारा चारै तिर घेरेर त्यस माथि आक्रमण गरे। २परमप्रभुले उसलाई यहूदाको राजा यहोयाकीमलाई पराजित गर्ने शक्ति दिनुभयो अनि परमेश्वरको मन्दिरबाट सबै भाँड़ा-कुँड़ाहरू लाने अनुमति दिनुभयो। नबूकदनेस्सरले ती चीजहरू शिनारको भूमि बाबेलमा ल्याए अनि उनका देवताहरूका मन्दिरमा राखे। ३त्यसपछि राजा नबूकदनेस्सरले अशपनजलाई आदेश दिए। अशपनज राजाका सेवकहरूको अगुवा थियो। राजाले अशपनजलाई राजकीय परिवारका केही यहूदीहरू अनि उच्च श्रेणीका इस्राएलीहरूलाई ल्याउनु भने। ४ती मानिसहरू हट्टा कट्टा, सुन्दर, शरीरमा कुनै चोट नभएका, सारा बुद्धिमा निपुण, साहित्य र विज्ञानको ज्ञानले परिपूर्ण, समभ्रदार राजदरवारको सेवा गर्न सक्ने योग्य कल्दीहरूका भाषा र साहित्य सिकाउन भनी नपुंसकहरूका प्रधान अशपनजलाई हुकूम गरे।

५राजा नबूदकनेसरले आफ्नो भोजन र मदको एक भाग तिनीहरूलाई दिए। राजाले तिनीहरूलाई तीन वर्षसम्म तालिम दिन र त्यसपछि उनको सामु प्रस्तुत गर्ने निर्देश दिए। ६यहूदाका ती नानीहरूमा दानियल, हनन्याह, मीशाएल अनि अजर्याह सामेल थिए।

७अशपनजले (नपुंसक) नाउँ राखिदिए। तिनीहरूले दानियलको नाउँ बेलतसजर राखिदिए। तिनीहरूले हनन्याहको नाउँ शद्रक राखिदिए। अनि मीशाएललाई मेशेक अनि अजर्याहलाई अबेद्नगो नाउँ राखिदिए।

८तर राजाले उनीहरूलाई दिनु भनी पठाएको भोजन र दाखरस खाएर आफूलाई अशुद्ध नपार्ने दानियलले निश्चय गरे। यसैले आफूलाई अशुद्ध हुन नदिनुहोस् भनी नपुंसकहरूका प्रधानलाई बिन्ति गरे।

९परमेश्वरले नपुंसकहरूका प्रमुखको मनमा दानियल प्रति करुणा र दया भरिदिनु भयो। १०नपुंसकहरूका प्रमुखले दानियललाई भने, "मलाई डर लाग्छ, किनभने मेरा परमप्रभु राजाले मलाई तिमीले यो भोजन खाएको अनि यो दाखरस पिएको हेर्नु भनी आदेश दिनु भएको छ। यदि तिमीले यो भोजन खाएनौ भने तिमी बिमार अनि दुर्बल हुनेछौ। राजाले यो देख्नु हुनेछ र मसित रिसाउनु हुनेछ। हुन सक्छ, मेरो टाउको काटिइनेछ अनि यो दोष तिम्रो हुनेछ।"

११यसपछि दानियलले आफूलाई हेरचाह गर्ने कारिन्दालाई भने। अशपनजको त्यो कारिन्दालाई दानियल, हनन्याह, मीशाएल अनि अजर्याहमाथि ध्यान देऊ। १२दानियलले त्यो कारिन्दासँग भने, "दया गरेर दश दिन सम्म हाम्रो परीक्षा लेऊ, हामीलाई खान साग-सब्जी अनि पिउने पानी बाहेक केही नदेऊ। १३त्यसपछि तिमीले हाम्रो तुलना अरु जवान मानिसहरूसँग गर, जसले राजाको खाना खान्छन। त्यस पछि तिमीले देख्छौ कि को धेरै स्वस्थ छ, अनि आफै निर्णय गर, हामीसँग कस्तो व्यवहार गर्नु पर्छ, हामी तिम्रो सेवक हौं।"

१४उनी राजी भए अनि दश दिन सम्म जाँच गरे। १५दश दिनको अन्तमा तिनीहरू राम्रा र हट्टा-कट्टा देखिन थाले उनीहरू भन्दा, जसले राजाको खाना खान्थे। १६त्यसपछि त्यो रखवालाले उनीहरूलाई राजाको खाना र दाखरस दिन बन्द गरे। अनि तिनीहरूलाई साग-सब्जी नै दिनलागे।

१७परमेश्वरले ती चारजनालाई, ज्ञान, बुद्धि प्रदान गर्नुभयो, अनि हेरक प्रकारको लिपि, विज्ञानहरू जान्ने योग्यता दिनुभयो। दानियलले हरेक प्रकारको दिव्य दर्शन अनि सपनाहरू बुभ्न थाले।

१८त्यस अवधिको अन्तमा राजाको आदेश अनुसार नपुंसकहरूका अगुवाले तिनीहरूलाई राजा नबूकदनेस्सर अघि उपस्थित गराए। १९राजाले सबै मानिसहरूको अन्तवार्ता लिए तर उनले ती मध्ये कसैलाई पनि दानियल, हनन्याह, मीशाएल अनि अजर्याह जस्तो सर्वोत्तम पाएनन्। यसकारण उनले तिनीहरूलाई आफ्नो कार्यमा लिए। २०राजाले यी चारजनासित सबै महत्वपूर्ण विषयमा सरसल्लाह लिए अनि तिनीहरूले आफ्नो ज्ञान र सुभ्रबुभ्रको प्रमाण दिए। राजाले देखे कि यी चारजना उनको राज्यका सबै ज्ञानी अनि जादुगरहरू भन्दा दश गुणा राम्रा छन्। २१दानियलले कोरेसको शासन कालको पहिलो वर्ष सम्म राजाको सेवा गरिबसे।

### नबूकदनेस्सरको सपना

२ आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेस्सरले एउटा सपना देखे। सपनाले उनलाई भयभीत बनायो अनि उनी सुत्न सकेनन्। २राजाले आफ्ना ज्ञानी मानिसहरूलाई बोलाए तिनीहरू जादु-टुना गर्थे। सपनाको फल व्याख्या गर्न ताराहरू हेरे। तिनीहरू त्यसो गर्थे

किनभने भविष्यमा जे घट्नेवाला छ, त्यो पहिले नै
संकेत दिन सक्थे। राजाले तिनीहरूबाट यही चाहन्थे
कि उनले देखेको सपनाको अर्थ तिनीहरूले भन्न
सकुन। तिनीहरू आए र राजाको सामु उभिए।
३त्यस पछि राजाले तिनीहरूलाई भने, "मैले एउटा
सपना देखेँ, जसले गर्दा म एकदमै व्याकुल छु। म यो
जान्न चाहन्छु कि त्यो सपनाको अर्थ के हो?"
४त्यस विषयमा कल्दीहरूले अरामी भाषामा बोल्दै
उत्तर दिए, "महाराज अमर रहुन! हामी तपाईंका
सेवकहरू हौं। तपाईंले आफ्नो सपना हामीलाई बताउनु
होस् अनि हामी तपाईंलाई त्यसको अर्थ बताउँछौं।"
५त्यसपछि राजाले कल्दीहरूलाई भने, "होइन! त्यो
सपना के थियो, यो पनि तिमीले बताउँनु पर्छ अनि त्यो
सपनाको अर्थ के हो, यो पनि तिमीले बताउँनु पर्छ।
यदि तिमीले यस्तो गर्न सकेनौ भने म तिमीलाई टुक्रा
टुक्रा पार्नेछु अनि तिम्रो घर भत्काएर जनताको शौचालय
बनाउनेछु। ६तर तिमीले मेरो सपना बताएर त्यसको
व्याख्या गरिदियौ भने म तिमीलाई धेरै उपहारहरू,
आदार मान प्रदान गर्नेछु। अब मलाई मेरो सपना र
त्यसको व्याख्या गर।"
७ती बुद्धिमानहरूले फेरि उत्तर दिए, "हे राजा,
कृपया हामी तपाईंका दासहरूलाई सपना बताई दिनु
होस् र हामी त्यसको अर्थ व्याख्या गरिदिन्छौं।"
८राजाले जवाफ दिए, "म जान्दछु, कि तिमीहरूले
समय नाश गरिरहेकाछौ। किनभने तिनीहरू जान्दछौ
मेरो हुकुम त्यस्तै रहनेछ। ९जस्तो कि यदि तिमीहरूले
मेरो सपनाको बारेमा बताउँदैनौ भने म तिमीहरू
प्रत्येकलाई दण्ड दिनेछु। यसकारण तिमीहरू मलाई
सपना पक्कै भन्नेछौ ताकि म जान्नेछु कि तिमीहरू
सपनाको व्याख्या सही तरिकाले गर्न सक्षम छौ।"
१०कल्दीहरूले राजालाई उत्तर दिँदै भने, "हे महाराज,
तपाईंले जे भन्नु हुँदैछ त्यो गर्न सक्ने मानिस यस
पृथ्वीमा केही छैन्। कुनै पनि राजा, ऊ जति नै महान
अथवा शक्तिशाली होस् उसले कहिले पनि ज्ञानी
अथवा जादुवाला अथवा कल्दीहरूलाई यस्तो कर्म गर्न
लगाएको छैन। ११राजाले केही कुरा रोधि रहेका छन
त्यो गर्न एक्दमै अपठ्यारो छ। देवताहरूले मात्र राजाको
सपना अनि यसको अर्थ के हो भन्न सक्नेछन। तर
देवताहरू मानिसहरूसित बस्दैनन्।"
१२जब राजाले यो कुरा सुने, तिनी साह्रै रिसाए अनि
बाबेलका सबै ज्ञानी मानिसहरूलाई ध्वंश गरिनु पर्ने
आदेश दिए। १३यसकारण राजा नबूदकनेसरको आज्ञा
घोषणा गरियो कि सबै ज्ञानी मनिसहरूलाई मार्नु पर्छ!
राजाका मानिसहरूले दानियल र उसका साथीहरूलाई
पनि मार्नु भनी हल्ला गरे अनि खोजी गर्न पठाए।
१४अर्योक बाबेलका बुद्धिमानी मानिसहरूलाई मार्न
तयार थिए। तर दानियलले राजाका सेनापति अर्योकसित
कुरा-कानी गरे। दानियलले अर्योकसित बुद्धिमानी कुरा
गरे। १५दानियलले अर्योकलाई सोधे, "राजाले यति
कठोर दण्डको आदेश किन दिनुभएकोछ?"
उत्तरमा अर्योकले राजाको सपनाको सम्पूर्ण कथा
बताए अनि दानियलले बुझे। १६जब दानियलले यो
कुरा सुने उनले राजासँग गएर बिन्ति गरे कि अधिक
समय दिइयोस्। त्यस पछि उनले राजालाई उनको सपना
र त्यसको अर्थ बताई दिनेछन्।
१७त्यसपछि दानियल आफ्नो घर गए अनि उसका
साथीहरू, हनन्याह, मीशाएल अनि अजर्याहलाई सम्पूर्ण
कुराहरू सुनाए। १८दानियलले आफ्ना साथीहरूलाई
स्वर्गका परमेश्वरसँग प्रार्थना गर्नुभने। दानियलले
उनीहरूलाई भने कि स्वर्ग परमेश्वरलाई प्रार्थना गर्दा
उनीहरूमाथि दयालु हुनु अनि यो रहस्य बुझ्नमा
सहायता गर्नु जसबाट बाबेलको दोस्रो बुद्धिमानी पुरुषहरूसँग
दानियल र उसका साथीहरू नमारिउन।
१९रातको समय परमेश्वरले दानियललाई दर्शनको
गुप्त बताई दिनुभयो। त्यसपछि स्वर्गका परमेश्वरको
स्तुति गरे। २०दानियलले भने:
"परमेश्वरको नाउँको सदा-सर्वदा प्रशंसा गर! शक्ति
र ज्ञान उहाँमा हुन्छ।
२१उहाँले नै समय परिवर्त्तन गर्नुहुन्छ उहाँले नै
सालमा ऋतुहरू परिवर्त्तन गर्नुहुन्छ। उहाँले नै राजाहरू
परिवर्त्तन गर्नुहुन्छ। उहाँले नै राजाहरूलाई शक्ति प्रदान
गर्नुहुन्छ र उहाँले नै खोस्नुहुन्छ। उहाँले नै बुद्धि दिएर
मानिसहरू बुद्धिमानी बन्छन् उहाँले मानिसहरूलाई ज्ञान
दिनुहुन्छ अनि मानिसहरू ज्ञानी हुन्छन्।
२२उहाँले गहिरो अनि गुप्त रहस्यहरू प्रदर्शित गराउनु
हुन्छ। उहाँले जान्नु हुन्छ अन्धकारमा के छ अनि
ज्योति उहाँसँगै छ।
२३हे मेरो पिता-पुर्खाहरूका परमेश्वर, म तपाईंलाई
धन्यवाद दिन्छु, अनि तपाईंको गुणगान गाँउछु। तपाईंले
नै मलाई ज्ञान र शक्ति दिनुभयो। जुन कुरा हामीले
सोध्यौं त्यसको रहस्य तपाईंले नै बताउँनु भयो। तपाईंले
हामीलाई राजाको सपनाको विषयमा बताउँनु भयो।"

### दानियलले सपनाको अर्थ के हो भन्छन्

२४त्यसपछि दानियल अर्योकको्मा गए। राजाले उसलाई
बाबेलका ज्ञानी मानिसहरूलाई मार्नु भनी आज्ञा दिएका
थिए। दानियलले अर्योकलाई भने, "बाबेलका ज्ञानी
मानिसहरूको हत्या नगर। मलाई राजा भएकोमा लिएर
जाऊ, म उहाँलाई उहाँको सपना अनि अर्थको व्याख्या
गरिदिन्छु।"
२५अर्योकले तुरन्तै दानियललाई राजाकहाँ लिएर
गयो अनि राजालाई भन्यो, "यहूदाको बन्दीहरू मध्ये
मैले एकजना यस्तो मानिसलाई खोजेँ जसले राजाको
सपनाको अर्थ बताउँन सक्छ।"

२६राजाले दानियलललाई (बेलतसजर) जवाफमा प्रश्न
गरे, "के तिमीले साँच्चै मेरो सपनाको अर्थ र त्यसको
व्याख्या गर्न सक्छौ?"
२७दानियलले राजालाई उत्तर दिए, "हे राजा
नबूकदनेस्सर, कुनै पनि ज्योतिषीहरू बुद्धिमानी मानिस,
मंत्रतंत्र जान्नेहरू अनि कल्दीहरूले राजाको सपनाको
गुप्त कुराहरू बताउँन सकेनन। २८तर स्वर्गमा एउटा
यस्तो परमेश्वर हुनुहुन्छ, जसले गुप्त रहस्यहरू बताउँन
सक्नुहुन्छ। परमेश्वरले राजा नबूकदनेस्सरलाई अब के
हुनेवाला छ यो दर्शाउनको लागि सपना देखाई दिनुभयो।
आफ्नो ओछ्यानमा सुतेर तपाईंले सपनामा जे कुराहरू
देख्नुभयो, त्यो यो हो। २९हे राजा, तपाईं आफ्नो
ओछ्यानमा सुतिरहनु भएको थियो। तपाईंले भविष्यमा
घट्ने घटनाको विषयमा सोचिरहनु भएको थियो।
परमेश्वरले मानिसहरूलाई रहस्यपूर्ण विषयमा बताउन
सक्नुहन्छ। त्यसैकारण उहाँले भविष्यमा जे घट्नेवाला
छ, त्यो दर्शाई दिनु भयो। ३०परमेश्वरले यो रहस्य
मलाई बताउँनु भयो। यो यसकारण भयो कि मेरोमा
अरु मानिसहरू भन्दा ज्यादा बुद्धि छ। तर परमेश्वरले
मलाई यो भेद यसकारण बताउनु भयो कि राजालाई
उसको सपनाको अर्थ थाहा होस्। हे राजा यस्तो
प्रकारले, तपाईंको मनमा जुन विचारहरू आउँदैछ
त्यसलाई सम्झनु होस।

३१"हे राजा, तपाईंको सपनामा एउटा ठूलो मूर्ति
आफ्नो छेउमा उभिएको देख्नु भयो जो चम्किरहेको
थियो अनि साह्रै आकर्षक थियो। यसको रूप डरलाग्दो
थियो। ३२त्यो मूर्तिको टाउको निक्खुर सुनले बनिएको
थियो। त्यसको छाती र हातहरू चाँदीका थिए। त्यसको
पेट र फिला काँसाका थिए। ३३यसको गोड़ाहरू
फलामका थिए। त्यसको खुट्टाका केही भाग फलामको
र तल्लो केही भाग माटोका थिए। ३४जब तपाईंले
त्यस मूर्तिलाई हेरिरहनु भएको थियो तपाईंले एउटा
चट्टान देख्नुभयो। चट्टान मानिसद्वारा काटिएको थिएन।
चट्टानले फलाम र माटोले बनिएका मूर्तिको खुट्टाहरूलाई
टुक्रा-टुक्रा पार्‍यो। ३५त्यो फलाम, माटो, काँसा, चाँदी
र सुन सबै चक्नाचूर भए, अनि ग्रीष्म ऋतुमा खलाबाट
भूस उड़ाए झैं नाउँ निशानै नराखी हावाले उड़ाएर
लग्यो। तर त्यस मूर्तिमा लाग्ने त्यो ढुङ्गा बढ़दै गयो
अनि एउटा ठूलो पहाड़ बनिएर पृथ्वीलाई ढाक्यो।

३६"सपना यही थियो। अब हामी राजालाई त्यसको
अर्थ खोलिदिनेछौं। ३७हे राजा! तपाईं महान राजा,
राजाहरूको पनि राजा हुनुहुन्छ, जसलाई स्वर्गका परमेश्वरले
राज्य, सामर्थ्य, अधिकार अनि मान दिनु भएको छ।
३८तपाईंलाई परमेश्वरले मानिसका सन्तान, जङ्गलका
पशुहरू र आकाशका पक्षीहरू माथि अधिकार गर्न
दिनु भएको छ। तपाईं नै त्यो सुनको टाउको हुनुहुन्छ।
३९"तपाईं पछि तपाईंको भन्दा कमजोर राज्य खड़ा
हुनेछ अनि त्यसपछि अर्को एउटा तेस्रो राज्य काँसाको
राज्यजस्तै खड़ा हुनेछ, जसले सारा पृथ्वीमाथि अधिकार
जमाउँनेछ। ४०त्यस पछि चौथो राज्य फलाम जस्तै
बलियो हुनेछ। फलामले सबै थोकलाई चूर-चूर गरि
नष्ट पारे झै त्यसले सारा पृथ्वीलाई टुक्रा टुक्रा पारेर
तितर-बितर पार्नेछ! ४१अनि तपाईंले खुट्टा र औंलाको
केही भाग फलामको देख्नु भए झै त्यो एउटा
विभाजित राज्य हुनेछ। तर पनि दर्शनमा तपाईंले फलाम
र गिलो माटो मिसिएको देख्नु भए झैं त्यसमा फलाम
बलियो रहने छ। ४२अनि खुट्टाको औंलाहरू केही
भाग फलाम र केही भाग माटो मिसिए झैं त्यो राज्य
केही शक्तिशाली र केही सजिलै टुक्रा टुक्रा हुने
कमजोर राज्य हुनेछन। ४३तपाईंले फलाम र गिलो
माटो मिसिएको देख्नु भए झैं ती राज्यहरू अन्तर
जातीय वैवाहिक सम्बन्ध गरेर मिसिनेछ र फलाम र
माटोसित मिसिनेछ अनि फलाम र माटोसित मिल्न
नसके झैं ती राज्यहरू एकसाथ अड़िन सक्ने छैनन्।

४४"ती राज्यहरूको समयमा स्वर्गका परमेश्वरले
एउटा राज्य बनाउनु हुनेछ जुन कहिल्यै नाश हुने छैन
न त त्यो राज्य कुनै अरु मानिसको हातमा दिइनेछ।
यसले अन्य सबै राज्यहरूलाई ध्वंश पार्नेछ र तिनीहरूको
अन्त्य गरिदिनेछ। तर त्यो राज्य सदा-सर्वदा रहनेछ।

४५"यो राज्य चाहिँ तपाईंले देख्नु भएको त्यो चट्टान
हो जुन कसैले नहटाई कन पहाड़बाट आफै काटियो
अनि त्यो चट्टान फलाम, पित्तल, चाँदी, माटो र
सुनलाई टुक्रा टुक्रा पार्‍यो। यस प्रकार महान् परमेश्वरले
तपाईंलाई भविष्यमा के हुनेछ देखाउनु भयो। यो सपना
साँचो छ र तपाईं यसको व्याख्यामा भर पर्न सक्नुहुन्छ।"

४६यसपछि राजा नबूकदनेस्सरले दानियलललाई निहुरिएर
दण्डवत गरे। राजाले दानियलको प्रशंसा गरे। राजाले
आज्ञा दिए कि दानियलको सम्मानमा भेटी स्वरूप
सुगन्धित धूप प्रदान गरियोस्। ४७राजाले फेरि दानियलललाई
भने, "मलाई निश्चिन्त पूर्वक ज्ञान भएकोछ कि तिम्रो
परमेश्वर सर्वाधिक महत्वपूर्ण अनि शक्तिशाली हुनुहुन्छ।
उहाँ सबै राजाहरूको परमप्रभु हुनुहुन्छ। अनि जुन कुरा
कसैले बताउँन सक्तैन त्यो गुप्त कुरा पनि उहाँले बताई
दिनुहुन्छ।"

४८यसपछि राजाले दानियलललाई सम्मान पूर्वक आफ्नो
राज्यको महत्वपूर्ण पदमा नियुक्ती गरे अनि धेरै बहुमूल्य
उपहारहरू पनि दानियलाई दिए। दानियलललाई सम्पूर्ण
बाबेल प्रदेशको शासक नियुक्ती गरे अनि दानियलललाई
बाबेलको सबै ज्ञानी मानिसहरूको प्रधान बनाइदिए।
४९दानियलले राजालाई विन्ति गरे अनि उनले शद्रक,
मेशक अनि अबेद्नगोलाई बाबेल प्रदेशको महत्वपूर्ण
हाकिम बनाई मागे। दानियलले भने जस्तै राजाले त्यस्तै
गरे। दानियल स्वंय ती महत्वपूर्ण मानिसहरू मध्ये एक
भए जुन राजाको साथमा रहन्थे।

## सुनको मूर्ति र तातो भट्टी

**३** राजा नबूकदनेस्सरले सुनको मूर्ति बनाए। मूर्ति ६०
हात अग्लो अनि ६ हात चौड़ा थियो। उनले त्यो
मूर्ति बाबेल प्रदेशको दुरा मैदानमा स्थापित गरे। २तब
राजा नबूकदनेस्सरले विभिन्न प्रान्तका सबै राज्यपाल,
शासक, सल्लाहकार, कोषाध्यक्ष, न्यायधीशहरू,
अधिकारीहरू र प्रान्तका सबै राज-कर्मचारीहरूलाई
उनले स्थापित गरेको मूर्ति समक्ष समर्पण हुन भेला हुनु
भनी आदेश दिए।

३ती सबै प्रान्तका बड़ा हाकिम, न्यायधीश, राज्यपाल,
सल्लाहकार, खजाञ्ची, पुलिस प्रमुख अनि सबै अरु
हाकिम, राजकर्मचारीहरू भेला भए अनि राजा
नबूकदनेस्सरले स्थापना गरेको मूर्तिको अघाड़ी उभिए।
४त्यसपछि प्रवक्ताहरूले ठूलो स्वरमा कराएर भने, "हे
विभिन्न राष्ट्र र विभिन्न भाषाका मानिसहरू ध्यान
देऊ। ५जब तिमीहरू विभिन्न वाध्ययन्त्र- नरसिङ्ग,
बाँसुरी, वीणा, सारङ्गी, सितार, मसकहरू बाजाहरू
बजेको सुन्छौ, तिमीहरू सबै निहुरिनु पर्छ अनि राजा
नबूकदनेस्सरले उभ्याएको सुनको मूर्तिको पूजा गर्नु
पर्छ। ६यदि कसैले यो सुनको मूर्तिलाई निहुरेर दण्डवत्
गर्दैन अनि पूजा गर्दैन भने त्यस मानिसलाई तुरन्तै
दनदन बल्दै गरेको आगोको भट्टीमा फ्याँकिदिइनेछ।"

७यसकारण जब तिनीहरूले नरसिङ्ग, बाँसुरी, सितार,
सारङ्गी, मसक र अरु बाजा बजेको सुने, तिनीहरू
निहुरिए अनि सुनको मूर्तिको पूजा गरे।

८त्यस घटना पछि तुरन्तै कल्दीहरू राजाकहाँ आए,
ती मानिसहरूले यहूदीहरूको विरुद्धमा बोले। ९तिनीहरूले
राजा नबूकदनेस्सरलाई भने, "हे राजन, तपाईं अमर
हुनुहुन्छ। १०महाराज, तपाईंले यस्तो आदेश दिनु भएकोछ
कि प्रत्येक जसले नरसिङ्ग, बाँसुरी, सारङ्गी, सितार,
मसक र अरु सबै किसिमका बाजाहरूको स्वर सुन्छ,
त्यसले निहुरिएर सुनको मूर्तिलाई पूजा गर्नुपर्छ। ११अनि
जसले घोप्टो परेर पूजा गर्दैन त्यसलाई दन्किरहेको
आगोको भट्टीमा फ्याँकिनेछ। १२यहाँ केही यस्तो
यहूदीहरू छन् जसले तपाईंको यो आदेशलाई पालन
गर्दैनन्। तपाईंले ती यहूदीहरूलाई बाबेल प्रदेशमा
महत्वपूर्ण हाकिम बनाउनु भएको छ। यिनीहरूको नाउँ
यस प्रकार छ शद्रक, मेशक अनि अबेदनगो। यिनीहरूले
तपाईंका देवताको पूजा गर्दैनन् अनि जुन सुनको मूर्ति
तपाईंले स्थापित गर्नु भएको छ उनीहरू न त त्यस
मूर्तिको सामने झुक्छन् न त पूजा नै गर्छन्।"

१३यो सुन्ने बित्तिकै नबूकदनेस्सर रिसले चूर भएर
भने शद्रक, मेशक, अबेदनगोलाई लिएर आऊ। त्यस
पछि उनीहरू राजाको सामुन्ने हाजिर भए।
१४नबूकदनेस्सरले भने, "शद्रक, मेशक र अबेद्नगो
के यो कुरा साँच्चो हो, तिमीहरूले मेरो देवताको पूजा
गर्दैनौ अनि मैले स्थापित गरेको सुनको मूर्तिलाई
निहुरिएर पूजा गर्दैनौ? १५अब हेर, तिमीहरूले जब
नरसिंङ्ग, बाँसुरी, सितार, सात वटा तार भएको बाजा,
वीणाहरू, मसक तथा प्रत्येक प्रकारको अर्को वाद्य
यन्त्रहरूको ध्वनी सुन्यौ अनि सुनको मूर्तिको साम्ने
झुकेर पूजा गर्नु पर्नेछ। यदि तिमीहरूले मैले बनाएको
सुनको मूर्तिको पूजा गर्न तयार भयौ भने राम्रो हो तर
यदि त्यसको पूजा गर्न अस्वीकार गर्‍यौ भने तिमीहरूलाई
तुरन्तै दनदन् बल्दै गरेको आगोको भट्टीमा हालिनेछ।
त्यस पछि तिमीहरूलाई कुनै पनि अरु देवताहरूले
बचाउँन सक्ने छैन।"

१६शद्रक, मेशक अनि अबेदनगोले जवाफमा भने,
"महाराज नबूकदनेस्सर, हामीलाई अझै व्याख्या गर्ने
आवश्यक्ता छैन; हामी आफ्नो मन परिवर्तन गर्ने छैनौं।
१७यदि, हाम्रो परमेश्वर जसको हामी उपसना गर्छौं
उहाँको अस्तित्व छ भने, दन्किरहेको आगोको भट्टीबाट
हामीलाई बचाउँने उहाँको सामर्थ छ। यसैले हे राजा
उहाँले हामीलाई तपाईंको शक्तिदेखि बचाउँनुहुन्छ। १८तर
राजा तपाईंले यो जान्नु पर्ने छ, हामी तपाईं को
देवताहरूलाई पूजा गर्ने छैनौ अथवा सुनको मूर्तिको
अघाड़ी झुकेर दण्डवत पनि गर्ने छैनौं।"

१९यस कुरामा नबूकदनेस्सर राजा शद्रक, मेशक
अनि अबेद्नगोथिमाथि साह्रै रिसाए। उनको अनुहार
रातो भयो। २०त्यस पछि उनले आफ्ना केही सैनिकहरूलाई
हुकूम गरे, ती शद्रक, मेशक अनि अबेद्नगोलाई
कँसेर बाँध अनि बल्दै गरेको आगोको भट्टीमा फ्याँकिदेऊ।

२१सैनिकहरूले शद्रक, मेशक अनि अबेदनगोलाई
बाँधे अनि आगोमा फ्याँकिदिए। तिनीहरूले आफ्नो
पोशाकहरू, सुरुवाल, टोपी लगाएका थिए। २२रिसाएका
राजा द्वारा दिइएको कठोर आदेशको कारणले ती
सेनाहरूले भट्टी यथारीति भन्दा सात गुणा बेशी तताए
अनि ती सेनाहरू जब शद्रक, मेशक अनि अबेद्नगोलाई
आगोमा हाल्न नजिक गए त्यसको तातोले ती सेनाहरू
मारिए। २३ती तीनजना शद्रक, मेशक अनि अबेद्नगोलाई
कँसेर बाँधी दन्किरहेको आगोमा फँयाकिदिए।

२४त्यस पछि राजा नबूकदनेस्सर छक्क परे र साह्रै
उत्तेजित भएर उभिए अनि आफ्ना सल्लाकारहरूलाई
भने, "के हामीले आगोमा तीन जनालाई बाँधेर हालेको
होइनौ?"

तिनीहरूले उत्तर दिए, "हो, अवश्य हो महाराज!"

२५तब राजाले भने, "तब कसरी म चार जना
मानिसहरू खुल्ला भएर आगोमा हिँड़को देख्दैछु। त्यो
चौथौ मानिस परमेश्वरको पुत्र जस्तै छ।"

२६त्यस पछि नबूकदनेस्सरले त्यस दन्किरहेको भट्टीको
ढोका नजिक आएर भने, "हे शद्रक, मेशक अनि
अबेद्नगो सर्वोच्च परमेश्वरका सेवक हो, निस्केर
आऊ।" त्यस पछि शद्रक, मेशक र अबेदनगो आगोबाट
निस्केर आए। २७प्रान्त, प्रान्तका बड़ा हाकिम, राज्यपाल,

सल्लाहकार र भारदारहरू जम्मा भए अनि आगोले यी
मानिसहरूको शरीरमा हानी गर्न नसकेको देखे। तिनीहरूको
टाउकाको केश पनि खुइलेको थिएन। तिनीहरूको
लुगा पनि आगोले डढ़ेन र तिनीहरूमा आगोको रापसम्म
पर्न पाएन।

२८त्यस पछि नबूकदनेस्सरले भने, "शद्रक, मेशक
र अबेद्नगोका परमेश्वर धन्य होऊन जसले उहाँ
माथि विश्वास गर्ने र राजाको हुकुमलाई आफ्नै
परमेश्वर बाहेक हामी अरु देवताको सेवा गर्ने छैनौं
भनी आफूलाई आगोमा फ्याँकिदिने आफ्ना यी दासहरूलाई
बचाउन आफ्नो स्वर्ग दूतहरू पठाउँनु भयो। २९अब म
हुकुम गर्दैछु, कुनै पनि मानिस जुन सुकै जाति वा राष्ट्र
अथवा जुनसुकै भाषा बोल्ने होस, जसले शद्रक मेशक
अनि अबेद्नगोको परमेश्वरको निन्दा गर्ला त्यसलाई
टुक्रा-टुक्रा बनाइनेछ र त्यसको घर उजाड़ पारिनेछ।
किनभने यस किसिमले उद्धार गर्ने अरू कुनै पनि
देवता छैनन्।" ३०त्यस पछि राजाले बाबेलको प्रान्तमा
शद्रक, मेशक र अबेद्नगोको मान बढ़ाई दिए।

### वृक्षको विषयमा नबूकदनेस्सरको सपना

४ सारा संसारमा बस्ने विभिन्न भाषा बोल्ने जाति-
जातिहरूका मानिसहरूलाई राजा नबूकदनेस्सरबाट
तिमीहरूको भलो होस। भनि पठाए।

२सर्वोच्च परमेश्वरले मेरो निम्ति गर्नु भएको
अद्भूत अनि छक्क-पर्दो चीजहरूको विषयमा
तिमीलाई भन्न म अति खुशी छु।

३उहाँका चिन्हहरू महान छ। उहाँका आश्चर्यपूर्ण
कर्महरू शक्तिशाली छन्। उहाँको राज्य सदा-सर्वदा
रहिरहने छ। राज्यमा उहाँको प्रभुत्व पुस्तौं पुस्तासम्म
रहिरहन्छ।

४म, नबूकदनेस्सर आफ्नो महलमा खुशी र
सफल थिएँ।

५मैले यस्तो सपना देखें, मलाई भयभीत बनायो।
म मेरो ओछ्यानमा ढल्किरहेको थिएँ अनि मैले
मेरो मनमा दिव्य दर्शन् देखे, ती कुराहरूले मलाई
एकदमै दुखित बनायो।

६यसकारण मैले बाबेलका सबै ज्ञानी पुरुषहरूलाई
सपनाको अर्थ खोलि दिनलाई मकहाँ आउन भनी
हुकुम गरें।

७जब जादुगर, तंत्र-मंत्र जान्ने कल्दी र ज्योतिषीहरू
आए, मैले तिनीहरूलाई सपना बताई दिएँ, तर
तिनीहरूले मलाई त्यसको अर्थ बताउँन सकेनन्।
८तब अन्तमा दानियल मेरो अघि आए। मैले
दानियललाई मेरा देवताको सम्मानमा बेलतसजर
नाउँ राखें। उसित देवताहरूको आत्मा थियो।
यसकारण मैले आफ्नो सपना उसलाई बताएँ।

९"बेलतसजर (दानियल) तिमी सबै तांत्रिकहरूमा
सर्वश्रेष्ट हौ, मलाई थाहा छ कि तिमीमा ईश्वरीय
आत्मा बास गर्छ, अनि कुनै पनि रहस्य बुझ्न
तिमीलाई अपठ्यारो पर्दैन। मलाई यसको अर्थ
भन, जुन सपना मैले देखें। १०म ओछ्यानमा
सुतिरहेको थिएँ। त्यति बेला मैले एउटा दिव्य
दर्शनमा, अचानक, मेरो छेउमा पृथ्वीको बीचमा
एउटा अग्लो रूख देखें, त्यो बृक्ष एकदमै अग्लो
देखेँ। ११यो रुख एकदमै ठूलो अनि शक्तिशाली
थियो। यसको अग्लाईले आकाश छुन आँटेको
थियो। अनि यो रुख पृथ्वीको कुनै पनि कुनाबाट
देखिन्थ्यो। १२यसका पातहरू सुन्दर थिए। यसको
फलहरू प्रशस्तै थिए र यो फलले सबैलाई खान
पुग्थ्यो। जंगली पशुहरू त्यो रुखको छहारीमुनि
बस्थे। यसका हाँगामा चराहरूले गुँड बनाउँथे,
अनि सबै जीवित प्राणीहरूले त्यसबाट आहार
पाउँथे।

१३"ओछ्यानमा सुतिरहेको बेलामा मैले त्यो
दर्शन हेरिरहेको थिएँ, त्यसै बेला स्वर्गबाट एउटा
पवित्र दूत तल आउँदै गरेको मैले देखें। १४उसले
ठूलो स्वरमा कराएर भन्यो, 'रूखलाई काट!
त्यसको हाँगाहरू काट। पातहरू झारिदेऊ। यसको
फलहरू चारैतिर छरपस्ट पारिदेऊ। जङ्गली पशुहरू
त्यसको छहारी मुनिबाट अनि चराहरू त्यसको
हाँगाबाट भागोस्। १५तर त्यसको ठुटो चाँहि
जरासितै जमीनमा नै रहोस्। अनि त्यही अवस्थामा
फलामको अनि काँसको साङ्लाले बाँधिएको होस
जंगली घाँसले पेट भरोस् आकाशको शीतले त्यसलाई
भिजावोस् र खर्कमा बस्ने पशुहरूसित र रूखका
पातसँग खेतमा रहोस्। १६त्यस मानिसको मन
बदलिएर पशुहरूको जस्तै होस्। सात काल त्यसमाथि
त्यस्तै बितोस्।'

१७"एकजना पवित्र स्वर्गदूतले यो दण्डको घोषणा
गरे। पृथ्वीको सबै मानिसहरूलाई थाहा होस कि,
मानिसहरूको राज्यहरूमाथि सर्वोच्च परमेश्वरले शासन
गर्नुहुन्छ। परमेश्वरले जसलाई चाहनु हुन्छ यी
राज्यहरू उसलाई दिनुहुन्छ अनि परमेश्वरले ती
राज्यहरू माथि शासन गर्नको निम्ति विनम्र मानिसलाई
छान्नु हुन्छ।

१८"नबूकदनेस्सरले भने, मैले देखेको सपना
यही हो। म राजा नबूकदनेस्सरले अब तिमी
बेलतसजरले (दानियल), सपनाको अर्थ भन कारण
मेरो राज्यको कुनै पनि बुद्धिमानी मानिसले यो
सपनाको अर्थ व्याख्या गर्न सक्ने छैन। तर
बेलतसजर (दानियल) तिमीले यो सपनाको अर्थ
व्याख्या गर्न सक्छौ कारण तिमीमा देवताहरूको
आत्मा रहेकोछ।"

**१९**“त्यसपछि दानियल केही समय सम्म चुपचाप बसे। उसले केही कुरा सोची रहेको थिए, त्यसले उसलाई व्याकुल बनाइरहेको थियो। तब राजाले भने, “बेलतसजर (दानियल), तिमी त्यो सपना अथवा त्यो सपनाको अर्थदेखि भयभीत नहोउ।”

यसमा बेलतसजरले (दानियल) उत्तर दिए, “मेरा स्वामी, खाश यो सपना तपाईंका शत्रुहरूमाथि आवोस् अनि यसको अर्थ जो तपाईंको विरोधी छन् उनीहरूले प्राप्त गरून। **२०**जुन रुख तपाईंले देख्नुभयो त्यो रुख ठूलो अनि शक्तिशाली भयो। रुखको टुप्पो आकाश सम्मै पुग्यो। त्यो रूख पृथ्वीको प्रत्येक कुनाबाट देखिन्थ्यो। **२१**त्यसका पातहरू सुन्दर थिए, त्यसमा फल प्रशस्तै थियो, त्यसको हाँगामा फलेको फलले सबैका लागि खान पुग्थ्यो अनि त्यसको छहारी मुनि सबै जङ्गली पशुहरू बस्थे। अनि त्यसको हाँगामा चराले गुँड़ बनाएको थियो।

**२२**“हे राजा त्यो रुख तपाईं नै हो। तपाईं बढ़ेर शक्तिशाली हुनु भयो। तपाईंको धन सम्पत्ति बढ्यो। तपाईंको शक्ति बढ़ेर स्वर्ग सम्म पुग्यो। तपाईंको प्रभुत्व बढ़ेर पृथ्वीको पल्लो छेउ सम्म छ।

**२३**“अब तपाईंले एकजना पवित्र स्वर्गबाट स्वर्गदूत तल झर्दै गरेको देख्नु भयो? त्यसले भन्यो, ‘त्यस रुखलाई काटेर नष्ट गरिदेऊ, तर त्यसको ठुटा जरा सँगै भूइँमानै छोड़िदेऊ जुन तिमीले भूइँमा छोड़ेको थियौ त्यसलाई फलाम र काँसाको साङ्लोले बाँध अनि खेतमा घाँसहरूको बीच छोड़िदेऊ। आकाशको शीतले भिजोस र त्यसको भाग जङ्गलको पशुहरूसँग होस्। यो हालतमा सात साल बित्नेछ।’

**२४**“राजा, तपाईंको सपनाको व्याख्या यही हो। सर्वोच्च परमेश्वरले मेरो स्वामी राजा प्रति यी घटनाहरू घट्ने आदेश दिनुहुन्छ। **२५**राजा नबूकदनेस्सरले तपाईंलाई तपाईंको मानिसहरूबाट जबर्जस्ती टाड़ो पठाउनेछ, तपाईं जंगली जनावरहरूको बीचमा बस्नु हुनेछ। तपाईंले गाई गोरूले जस्तो घास खानु हुनेछ अनि तपाईं शीतले भिज्नु पर्नेछ। सात वर्ष सम्म यही प्रतिक्रिया दोहोरिनेछ। जब सम्म तपाईंले यो कुरा बुझ्नुहुने छैन, कि सर्वोच्च परमेश्वरले मानिसहरूमाथि सर्वधिकार गर्नुहुन्छ उहाँले जसलाई इच्छा गर्नु हुन्छ उसैलाई नै राज्य दिनुहुन्छ।

**२६**“जरा सहित ठुटोलाई भूइँमा छोड़िदिने आज्ञा यो हो: तपाईंको राज्य तपाईंलाई फेरि फिर्ता दिनुहुनेछ। यो तब हुनेछ जब त्यो सर्वोच्च परमेश्वरले तपाईंको राज्यमा शासन गर्नुहुन्छ भन्ने तपाईंले जान्नु हुन्छ। **२७**यसकारण, राजा, दया गरेर मेरो सल्लाह स्वीकार्नु होस् आफ्नो पाप त्यागेर धर्म पट्टि लाग्नुहोस्, अत्यचारमा परेकाहरूलाई दया देखाएर गरीब मानिस प्रतिको अधर्म त्याग्नु होस्, त्यसो गर्नाले लामो समय सम्म सफल र शान्ति प्रिय हुनुहुनेछ।”

**२८**यो सबै सत्य घटना राजा नबूकदनेस्सरमाथि घट्यो। **२९**बाह्र महिना पछि राजा आफ्नो महलको कौसीमा घुमिरहेका थिए। **३०**जब राजाले भने, “बाबेललाई हेर, यो महान शहरको निर्माण मैले आफ्नो शक्तिले गरेको हो। शहरको राजधानी मेरो राज्यले मेरो महोत्तमको गौरव प्रदान गरेकोछ।”

**३१**राजाको मुखबाट यो कुरा निस्की नसक्दै स्वर्गबाट यसो भन्ने आवाज आयो, “यो घटनाहरू तपाईंमाथि घट्नेछ, राजा नबूकदनेस्सर तपाईंको राज्य तपाईंबाट खोसिनेछ। **३२**तपाईंलाई मानिसहरूबाट निस्कासित गरिनेछ। तपाईं जङ्गली पशुहरूसँग बस्नु पर्नेछ अनि गाईले झैं घाँस खानुहुनेछ। सात वर्ष सम्म यो चलिरहनेछ जब सम्म तपाईंले यो बुझ्नुहुँदैन कि सर्वोच्च परमेश्वरले मानिसहरूमाथि शासन गर्नुहुन्छ। अनि उहाँले जसलाई चाहनुहुन्छ उसलाई राज्य दिनुहुन्छ।”

**३३**फेरि तुरन्तै यो घटना घट्यो, नबूकदनेस्सर मानिसहरूबाट निकालिए, उनले गाईले जस्तो घाँस खान थाले र उनको शरीर आकाशको शीतले भिज्यो, उनको कपाल लामो, गीद्धको प्वाख जस्तो भयो अनि उनको नङ्गहरू चीलका नङ्गा जस्तै लामा लामा भए।

**३४**तब त्यो अन्तको समयमा म नबूकदनेस्सरले आँखा उठाएर स्वर्गतिर हेरैं, अनि मैले सही तरिकाले सोच्न थालेको थिए मैले सम्मान र महिमा दिएँ जो सदा-सर्वदा जीवित हुनुहुन्छ।

परमेश्वरले सदा सर्वदा शासन गर्नुहुन्छ। उहाँको राज्य पुस्तौं पुस्ता सम्म चलिरहन्छ।

**३५**यो पृथ्वीका मानिसहरू साँच्चै ठूला छैनन् परमेश्वरले मानिसहरूसँग जे चाहनुहुन्छ त्यति गर्नुहुन्छ स्वर्गको शक्ति भन्दा ठूला कोही पनि छैनन् उहाँले भन्नुहुन्छ, स्वर्गको शक्तिलाई कसैले पनि रोक्न सक्तैनन् उहाँको सशक्त हातले जे गर्छ यसमाथि कुनै प्रश्न नै उठ्दैन्।

**३६**त्यस समयमा परमेश्वरले मेरो बुद्धि मलाई फेरि दिनु भयो। अनि एउटा राजाको रुपमा मेरो मान, सम्मान अनि शक्ति फेरि फर्काई दिनुभयो। मेरो सल्लाहकार अनि राजकीय मानिसहरू फेरि मकहाँ आए। म फेरि पहिलाको भन्दा पनि महान अनि शक्तिशाली राजा भएँ। **३७**त्यस पछि म नबूकदनेस्सर स्वर्गको राजाको स्तुति गर्छु तथा उहाँलाई सम्मान अनि महिमा प्रदान गर्छु। उहाँले जे भन्नुहुन्छ ठीक भन्नुहुन्छ, उहाँ सँधै न्यायपूर्ण हुनुहुन्छ, उहाँमा अहँकारहरूलाई विनम्र प्रदान गर्ने क्षमता छ।

## भित्तामा लेखिरहेको

**५** राजा बेलसजरले आफ्ना १,००० अधिकारीहरूलाई राजकीय भवनमा ठूलो भोज दिए अनि ती

अधिकारीहरूले दाखरस पिउन थाले। २दाखरस पिउरहेको
बेला बेलसजरले आफ्नो सेवकहरूलाई सुन र चाँदीको
प्याला ल्याउन हुकुम गरे जुन प्याला उनका बाजेले
यरूशलेमको मन्दिरबाट ल्याएका थिए। नबूकदनेस्सरले
चाहन्थे कि शासकहरू, तिनका पत्नीहरू, तथा दासीहरूले
यो प्यालामा दाखरस पिउन। ३जब तिनीहरूले त्यो
सुनको प्याला ल्याए जुन यरूशलेमको परमेश्वरको
मन्दिरबाट ल्याइएको थियो। राजा अनि उसका
अधिकारीहरू, पत्नीहरू तथा दासीहरूले त्यो प्यालामा
दाखरस हालेर पिए। ४तिनीहरूले दाखरस पिए त्यस
पछि उनीहरूले पूजा गर्ने सुन, चाँदी काँसा, फलाम,
काठ र ढुङ्गाका देवताहरूको प्रशंशा गर्न थाले।

५त्यस समयमा अचानक एकजना मानिसको हातको
औंलाले सामदानको अघि महलको भित्तामा केही लेखि
रहेको देखियो। राजाले भित्तामा लेखिरहेको हात देखे।

६यो देखेर राजा बेलसजर भयभीत भए र तिनको
अनुहारको रङ्ग पहेँलो भयो र हात खुट्टा गलेर थरथर
काम्न थाले। ७अनि राजा चिच्याएर बाबेलका तंत्र-मंत्र
जान्ने कल्दी र ज्योतिषीहरूलाई ल्याउन पठाए। तिनले
बाबेलको ज्ञानी पुरुषहरूलाई भने, "जसले यो लेखोट
पढेर मलाई त्यसको अर्थ खोलिदिन्छ, त्यसलाई बैजनी
लुगा र सुनको हार पहिराइनेछ र यस राज्यको दर्जामा
त्यो तेस्रो गनिने छ।"

८त्यस पछि सबै ज्ञानी पुरुषहरू राजाकहाँ आए, तर
कसैले पनि त्यो लेखोट पढ्न सकेनन्। ९यसकारण
राजा बेलसजर साहै डराए अनि चिन्तित भए। अनि
उनका सबै हाकिमहरू पनि चिन्तित भए।

१०राजा र अधिकारीहरूको हल्ला-खल्ला सुनेर
राजमाता भोजमा आइन् र राजमाताले भनिन्, "राजा
अमर रहुन। नडराऊ। ११तपाईंको राज्यमा एउटा यस्तो
मानिस छ, जसमा पवित्र देवताहरूको आत्मा छ।
तपाईंको पितामहको पालामा तिनमा उत्तम समझ र
देवताको झैं ज्ञान भएको पाइयो। यसैले तपाईंको
पितामह नबूकदनेस्सरले तिनलाई जादूगर, तंत्र-मंत्र जान्ने
कल्दी र ज्योतिषीहरूका प्रधान नियुक्त गरिदिए। १२यिनी
दानियल, जसलाई राजाले बेलसजर नाउँ राखिदिए, खूबै
उत्तम आत्मा, बुद्धि र समझ भएका सपनाको अर्थ
खोल्ने, अड्को फुकाउने र समस्याहरू हल गर्ने ज्ञान
भएका छन्। अब यिनै दानियललाई बोलाउन पठाऊ, र
तिनले अर्थ खोलिदिनेछन्।"

१३त्यस पछि दानियललाई राजाको अघि पेश गरियो।
राजाले दानियललाई भने, "तिमीनै दानियल हौ, निकालाबास
भएको एक यहूदी, जसलाई राजा, मेरो पितामहले
यहूदाबाट ल्याएका थिए। १४मैले तिम्रो विषयमा सुनें।
तिमी एकजना त्यस्ता मानिस हौ जसमा पवित्र देवताहरूको
आत्मा छ। तिमी एकजना त्यस्तो मानिस हौ, जसकोमा
उत्तम समझ र अचम्भको रहस्य बुझ्ने ज्ञान छ।
१५बुद्धिमान पुरुष अनि तांत्रिकहरूलाई यो भित्ताको
लेखौटको अर्थ बताउँनको निम्ति मेरोमा ल्याइयो। म
चाहन्थें कि उनीहरूले यसको अर्थ खोलुन्। तर
तिनीहरूले भित्ताको लेखौटको व्याख्या गर्न सकेनन्।
१६मैले सुनें तिमीले यसको अर्थ खोल्न र व्याख्या गर्न
सक्छौ अनि समस्याहरू हल गर्न सक्छौ। हेर, यदि
तिमीले यो पढ्न सक्यौ अनि मलाई व्याख्या गर्न सक्यौ
भने तिमीलाई बैगनी वस्त्र अनि सुनको हार दिनेछु।
साथै तिमी यस राज्यको दर्जामा तेस्रो मानिस गनिनेछौ।"

१७त्यस पछि दानियलले उत्तर दिए, "तपाईंको उपहारहरू
तपाईंनै राख्नु होस, अनि आफ्ना उपहारहरू अरुलाई नै
दिनु होस। तर म यो लेखौट पढ़ेर तपाईंलाई यसको
अर्थ खोलि दिन्छु।

१८सर्वोच्च परमेश्वरले तपाईंको बाजे राजा
नबूकदनेस्सरलाई एउटा राज्यको महान शक्तिशाली राजा
बनाउनु भयो। १९अनि उहाँले दिनु भएको अधिकारले
विभिन्न भाषा बोल्ने जाति जातिका मानिसहरू तिनको
अघि डरले थरथर काम्थे। आफ्नो इच्छा अनुसार
तिनले कसैको प्राण लिन्थे वा जीउँदो राख्थे, पदोन्नति
गरिदिन्थे वा पदच्यूत गरिदिन्थे।

२०"तर जब नबूकदनेस्सर अट्टेरी, ढिट र अभिमानी
भए तब तिनी आफ्नो सिंहासनबाट खसालिए र तिनको
गौरव तिनीबाट खोसियो। २१तब नबूकदनेस्सर समाजबाट
निकालिए। उनको मन पशुको जस्तै बनाईयो तिनको
बसाई जङ्गली गधाहरूसित हुन थाल्यो। अनि गाईले
जस्तै घाँस खान थाले। उनको शरीर आकाशको
शीतले भिज्यो। उनीमाथि यस्तो हुँदै गयो, फेरि उनलाई
ज्ञान भयो कि मानिसको राज्य माथि सर्वोच्च परमेश्वरले
शासन गर्नुहुन्छ अनि साम्राज्यहरूमाथि शासन गर्नको
निम्ति उहाँले जसलाई चाहानुहुन्छ त्यसैलाई पठाउँनुहुन्छ।

२२"अनि तिमी बेलसजर उहाँकै नाति हुनुहुन्छ,
तपाईंले यो सबै कुरा जान्दा जान्दै पनि अझै आफ्नो
हृदयलाई नम्र बनाउनु भएको छैन। २३होइन, तपाईं
नम्र हुनु भएन यसको सट्टामा तपाईं स्वर्गका परमेश्वरको
विरुद्धमा खड़ा हुनुभयो। तपाईंले परमप्रभुको मन्दिरका
भाँड़ा-कुँड़ाहरू तपाईंकहाँ ल्याउने आज्ञा दिनुभयो, अनि
तपाईं र राज भवनका अधिकारीहरू, तपाईंका पत्नीहरू
र दासहरूले त्यो भाँड़ाहरूमा दाखरस पिउनु भयो।
तपाईंले दाखरस पिउँदै सुन, चाँदी, काँस, फलाम,
काठ अनि ढुङ्गाका देवताहरूको महिमा गर्न थाल्नु
भयो। तिनीहरू साँचो देवता होइनन्। तिनीहरूले देख्न
सक्तैनन् सुन्न सक्तैनन् तथा केही पनि सोच्न सक्तैनन्।
तर तपाईंले परमेश्वरको सम्मान गर्नुभएन जसको
शक्तिमा तपाईंको जीवन अनि प्रत्येक कुरा त्यसमाथि
निर्भर छ। २४यसैले, परमेश्वरले त्यो हात पठाउनु
भयो, जसले भित्तामा लेखौट लेख्यो। २५लेखौट यही
हो:

मने, मने तकेल, पर्सीन।
२६“अनि त्यो लेखौटको व्याख्या यही हो
“अर्थात तिम्रो राज्यको अन्त हुन्छ, परमेश्वरले
त्यति बेला सम्मको दिन गनी सक्नु भएको छ।
२७तकेल-तिमीलाई तराजुमा जोखियो अनि
तिमीलाई घट्दै गएको पाइयो।
२८पर्सीन तिम्रो राज्य भाग भाग गरेर मादी र
फारसीहरूलाई दिइने छ।”
२९यस पछि बेलसजरले आज्ञा दिए कि दानियललाई
बैजनी लुगा लगाई दिनु अनि गलामा सुनको हार
पहराइहोस् अनि तिनी राज्यको तेस्रो दर्जाको मानिस हुन
भनी घोषण गरियो। ३०त्यसै रात कल्दीहरूको राजा
बेलसजर मारिए। ३१अनि मादिका राजा दाराले त्यो
राज्य लिए, उनी त्यति बेला ६२ वर्षका थिए।

## दानियल अनि सिंहहरू

६ सम्पूर्ण उसका राज्यहरूमा शासन गर्न दारालाई
१२० जना प्रान्तीय बड़ा हाकिमहरू नियुक्त गर्न
असल लाग्यो। २उनले तीन जना मंत्रिहरू, सल्लाहकारहरू
नियुक्त गरे, राजाको काममा हानी नहोस् भनि यिनीहरूलाई
नै राजालाई खबर दिनको निम्ति प्रान्तिय बड़ा हाकिम
नियुक्त गरियो। यी मंत्रिहरू, सल्लाहकारहरू मध्ये एक
जना दानियल पनि थिए। ३चाँड़ै दानियलले आफूलाई
राम्रो चरित्र अनि धेरै योग्यता भएको देखाए। यसकारण,
राजाले उनलाई सारा राज्यमा शासक बनाए। ४तर जब
अरु पर्यवक्षकहरू अनि प्रान्त अधिपतिहरूले यो खबर
पाए पछि दानियलसँग ईर्ष्या गर्न र उनीहरूले दानियल
सँग निँहू खोज्न थाले, जब दानियल सरकारी कामले
कतै जान्थे त्यति बेला उनले गरेको काममा अरुहरूले
नजर राख्थे तर पनि उनीहरूले दानियलमा कुनै दोष
भेट्टाएनन्। दानियल एकदमै ईमान्दार अनि विश्वासी
थिए। उनले राजासँग कुनै प्रकारको छल कपट
गरेनन्। उनी एकदमै परिश्रमी थिए।
५यसैले ती मानिसहरूले भने, “अहिले सम्म हामीले
दानियलको कुनै दोष भेट्टाउन सकेनौ, यसैले दोष
देखाउनको निम्ति यस्तो कुरा खोज्नु पर्छ जुन परमेश्वरको
नियमसँग सम्बन्धित होस।”
६त्यसपछि ती मंत्रिहरू र सल्लाकारहरू अनि प्रांन्तका
बड़ाहाकिमहरूले राजाकहाँ आएर भने, “राजा दारा
अमर रहुन।” ७राज्यको हामी सबै मंत्रि, शासक,
प्रान्तीय बड़ा हाकिम, भारादार र प्रदेशपालहरू सल्लाह
गरेर सहमत भएकाछौं कि राजाले एउटा यस्तो विशेष
नियम कायम राख्नुहोस, अनि प्रत्येक मानिसले त्यो
नियम पालन गर्नुपर्ने होस्, यस्तो नियम होस् कुनै पनि
मानिसले तपाईंलाई छोड़ेर अर्को कुनै मानिस अथवा
देवताको पूजा तीस दिन सम्म गर्‍यो भने, त्यसलाई
सिंहको खोरमा हालेर मारियोस्। ८अब हे राजा!
लिखित रुपमा नियम बनाएर हस्ताक्षर गरिदिनु होस्।
त्यो बदली हुन नपावोस्, किनकि मादी र फारसिहरूको
नियम न त बदली हुन्छ न त मेट्टिन्छ।” ९यसैले राजा
दाराले यो नियम बनाएर हस्ताक्षर गरे।
१०दानियलले प्रत्येक दिन तीन पल्ट परमेश्वरलाई
प्रार्थना गर्थे, प्रत्येक दिन तीन पल्ट दानियल घुडाँ टकेर
परमेश्वरको प्राथना अनि प्रशंसा गर्थो जब दानियलले
यो नया नियमको विषयमा सुने उ उसको घरमा गए।
दानियल उसको घरको छतमाथि गए। दानियल झ्याल
तिर गए त्यो यरूशलेमपट्टि खोलिएको थियो। तब
दानियलले सधैं जस्तै उनको घुँडा टेकेर प्रार्थना गरे।
११उनका दुश्मनहरूले दानियललाई पक्रने मौका
हेरिरहेका थिए र दानियललाई परमेश्वरको प्रार्थना गर्दै
गरेको भेट्टाए। १२त्यसपछि उनीहरू राजा भएकहाँ
आएर उनलाई त्यो नियमको विषयमा सम्झना गराए।
“हे राजा! तपाईंले यस्तो कानून बनाउँनु भएको होइन
कि तीस दिनभित्र तपाईंलाई बाहेक कसैले अरु कुनै
देवता वा मानिसलाई बिन्ति प्रार्थना गर्‍यो भने त्यसलाई
सिंहको खोरमा हालिने छ?”
राजाले जवाफ दिए, “हो यो निश्चय गरिएको हो।
मादि र फारसीहरूको कानून स्थायी हुन्छ।”
१३यसपछि तिनीहरूले राजालाई भने, “निकालावास
भएको यहूदीहरू मध्ये एकजना दानियलले तपाईंले
बनाउनु भएको कानूनको वास्ता गरेनन्। तिनले आफ्ना
परमेश्वरलाई दिनमा तीन पल्ट बिन्ती प्रार्थना गर्छन्।”
१४जब राजाले यो खबर सुने तिनी अत्यन्तै दु:खी
भए, लगत्तै उनले दानियललाई बँचाउने चेष्टा गरे।
उनले सूर्यास्त नहुञ्जेलसम्म दानियललाई बचाउँने चेष्टा
गरे। १५तब मानिसहरूले मौका पाए अनि राजाकहाँ
आएर भने, “हे महाराज तपाईंलाई यो थाहा छ कि
मादीहरूको र फारसीहरूको कानून कहिले पनि बदली
हुँदैन, राजाले यो कानून बद्ली गर्न सक्तैनन्।”
१६तब राजाले तिनीहरूलाई दानियललाई सिंहको
खोरमा फ्याँक्ने आदेश दिए। राजाले दानियललाई भने,
“म विश्वास गर्छु परमेश्वरले जसलाई तिमी सधैं
आराधना गर्छौ, तिमीलाई बचाउन।” १७त्यसपछि
तिनीहरूले एउटा ठुलो ढुङ्गा ल्याएर सिंहको खोरमा
राखे अनि राजाको लाल मोहर, मन्त्रि र शासकहरूको
लाल मोहर लगाई दिए जसद्वारा त्यो ढुङ्गालाई कसैले
हटाउन अनि खोरबाट दानियललाई बचाउँन नसकोस।
१८तब राजा दारा आफ्नो महलमा गए। तिनीले त्यो
रात खाएनन् अनि सुतेनन् र कसैलाई पनि त्यहाँ आउनु
दिएनन्। १९बिहान झिसमिसे उज्यालोमा राजा उठेर
डरले काम्दै सिंहको खोरमा गए। २०राजा खोरको
छेउमा गएर दानियललाई कराएर भने, “हे दानियल
जीवित परमेश्वरका सेवक, तिमीले निरन्तर सेवा गरेका
तिम्रा परमेश्वरले तिमीलाई बचाउँन सक्नु भयो?”

२१दानियलले राजालाई जवाफ दिए, "महाराज अमर
रहुन। २२मेरो परमेश्वरले आफ्ना स्वर्गदूत पठाएर
सिंहहरूको मुख बंद गर्नु भयो। यसकारण सिंहहरूले
मलाई नोक्सान गर्न सकेनन् किनभने मेरो परमेश्वर
जान्नुहुन्छ कि म निर्दोष छु। हे महाराज! मैले
तपाईंलाई कुनै अन्याय गरेको छैन्।"
२३त्यस पछि राजा अत्यन्तै खुशी भएर दानियललाई
खोरबाट निकाल्ने हुकुम दिनुभयो। दानियल खोरबाट
निकालिए अनि तिनमा कुनै प्रकारको चोट लागेको
पाएनन्, किनभने उनले परमेश्वरमाथि विश्वास गर्थे।
२४त्यसपछि राजाले तिनीहरूलाई हुकुम दिनु भयो
जसले दानियललाई दोष दिएका थिए अनि सिंहको
खोरमा हाल्न लगाए। तिनीहरूका पत्नी र छोरा
छोरीहरू समेत सिंहको खोरमा हालिए। तिनीहरू तल
खोरको मुखमा पुग्दा नपुग्दै सिंहहरूले झम्टेर तिनीहरूका
हड्डि समेत कस्याक कुरुक पारेर खाइहाले।
२५त्यसपछि राजा दाराले सारा पृथ्वी भरि बस्ने
विभिन्न भाषा बोल्ने, विभिन्न जातिका मानिसहरूलाई
एउटा शुभकामना चिट्ठी लेखे:

तिमीहरूलाई शान्ति होस्।
२६म एउटा नयाँ नियम बनाउँदैछु: मेरो राज्यमा
हरेक मानिसले दानियलका परमेश्वरको डर मानुन र
आदर गरून्। दानियलका परमेश्वर जीवित परमेश्वर
हुनुहुन्छ, उहाँ सदा-सर्वदा जीउनु हुन्छ अनि उहाँको
राज्य कहिलै अन्त ध्वंश हुनेछैन।
२७परमेश्वर रक्षक र उद्धारकर्ता हुन, स्वर्ग अनि
पृथ्वीमाथि परमेश्वरले आश्चर्यपूर्ण काम गर्नुहुन्छ।
अनि उहाँ मात्र एक शक्तिशाली हुनुहुन्छ जसले
दानियललाई सिंहको मुखबाट बचाउँनु भयो।"

२८त्यस प्रकारले दाराले राज्यमा शासन गरुञ्जेल
अनि फारसमा राजा कोरेसको राज्य रहुञ्जेल यिनै
दानियलको उन्नति भइरह्यो।

## चारवटा जनावरहरूको विषयमा दानियलको सपना

७ बाबेलको राजा बेलसजरको शासन कालको पहिलो
वर्ष दानियल आफ्नो ओछ्यानमा सुतिरहेको बेला
सपनामा एउटा दर्शन देखे। उनले तुरन्तै त्यो सपना
लेखे, त्यसको प्रमुख विवरण र विशेषताहरू २दानियलले
भने, "राती मैले वरिपरि हावा चलिरहेको एउटा दर्शन
पाएँ, हावाले सागर उचालिरहेको थियो। ३तब मैले
चारवटा ठूल्ठूला पशुहरू समुद्रबाट बाहिर आइरहेको
देखें। तिनीहरू चार विभिन्न प्रकारका पशुहरू थिए।
४"तिनीहरूमध्ये पहिलो पशु सिंह जस्तै थियो तर
त्यसका पखेटाहरू चीलका जस्तै थिए। मैले त्यो
पशुको पखेटाहरू उखेलिएको देखें। अनि त्यो जमीनमा
मानिस जस्तै दुइ खुट्टामा उभियो अनि त्यसलाई
मानिसको मन दिइएको थियो।
५"तब मैले भालू जस्तै अर्को एउटा पशु देखें।
त्यसले शरीरको एक भाग उठाएर उभिएको थियो।
यसका दाँतहरूको बीचमा तीनवटा करङ्गहरू थिए।
त्यस भालूलाई आदेश दिइयो 'उठ् अनि तँलाई जति
चाहिन्छ सबै मासु खा।'
६"त्यसपछि मैले देखें त्यहाँ मेरो सामुन्ने अर्को पशु
थियो। त्यो एउटा चितुवा जस्तो थियो अनि त्यसका
चारवटा पखेटाहरू अनि चारवटा टाउकाहरू थिए।
यसलाई शासन गर्ने अधिकार स्वीकार गरिएको थियो।
७"यसपछि मैले चौथो पशु मेरो दर्शनमा पाएँ। त्यो
एउटा साह्रै डरलाग्दो हिंस्त्रक पशु थियो। यो फलामको
लामो दाँत भएको साह्रै बलियो थियो। यसले आफ्नो
शिकार टुक्रा-टुक्रा पार्दै खाँदै थियो। खाइसके पछि
यसले आफ्नो बाँचेको शिकार कुल्चियो। त्यो पशु मैले
सपनामा देखेको अरु पशुहरू भन्दा एकदमै बेग्लै
थियो। त्यसका सिङ्गहरू दशवटा थिए।
८"अहिले म त्यो सिङ्गको विषयमा नै सोच्दै थिएँ,
हेर्दा हेर्दै अर्को सिङ्ग उम्रियो ती सिङ्गहरूको बीचमा त्यो
सिङ्ग अरु सिङ्गहरू भन्दा एकदमै सानो थियो। यो
सिङ्गमा मानिसको जस्तो आँखा थियो। यो सानो सिङ्गमा
एउटा मुख पनि थियो अनि स्वयंले प्रंशसा गरिरहेको
थियो। यो सानो सिङ्गले अरु तीनवटा सिङ्गहरूलाई
उचालेर फ्याँकि दियो।

## चौथो जनावरको न्याय

९"मैले हेर्दा हेर्दै त्यसको ठाउँमा सिंहासन राखियो
अनि त्यसमा प्राचीन राजा बस्नु भयो। उहाँले हिँउ
जस्तो सेतो लुगा लगाउनु भएको थियो, अनि कपाल
सेतो ऊन जस्तो थियो। उहाँको सिंहासन बलिरहेको
आगोको ज्वाला जस्तै थियो र त्यसको चक्काहरू
दन्केको आगो जस्ता थिए।
१०उहाँको छेउमा एउटा आगोको खोला बगेर
आयो। हजारौं-हजारौं स्वर्गदूतहरूले उहाँको सेवा गर्दैथिए।
दश-दशहजार स्वर्गदूतहरू उहाँको अघाड़ी सेवा गरिरहेका
थिए। तब न्यायधीश न्याय दिन बसे अनि किताबहरू
खोले।
११"मैले हेरिरहेको थिएँ कि त्यो सानो सिङ्गले
अभिमानी शब्दहरू प्रयोग गरिरहेको थियो। त्यसैले
कठोर जनावरले त्यो चौथो जनावरलाई मारिदियो अनि
त्यसको शरीर बल्दै गरेको आगोमा फ्याँकिदियो।
१२अरु जनवारहरूको सर्वाधिकार खोसियो, ता पनि
केही समय सम्म तथा ऋतुका निम्ति तिनीहरूलाई
अझ बाँच्न दिइयो।
१३"मैले राती मेरो दर्शनमा हेरिरहेको थिएँ अनि मैले
आकाशको बादलमाथि मानिसको पुत्र जस्तै कोही
आउँदै गरेको देखें। उहाँ त्यहाँ प्राचीन राजाकहाँ आउनु
भयो अनि उहाँको सामु उपस्थित गराइयो।

१४“एउटा मनुष्य जस्तो देखिने मानिसलाई अधिकार,
महिमा अनि सम्पूर्ण शासन गर्ने शक्ति दिइयो। प्रत्येक
जाति र भाषाबाट मानिसहरूले उहाँको आराधना गर्नेछन्।
उहाँको शासन सदा-सर्वदा रहनेछ। उहाँको राज्य लगातार
सदा-सर्वदा रहनेछ। त्यो नष्ट हुनेछैन।

## चौथो पशुको विषयमा व्याख्या गरिएको

१५“मेरो आत्मा मभित्र व्याकुल भयो कारण मैले
पाएको दर्शनले नै म डराएँ। १६त्यहाँ उभिनेहरू मध्ये
एकजनाकहाँ म गएँ र तिनलाई यी सबैका विषयमा
सोधें अनि उहाँले मलाई अर्थ बताई दिनुभयो। १७उहाँले
भन्नु भयो, ‘ती चारवटा डरलाग्दा पशुहरूले चार
राज्यहरूको प्रतिनिधित्व गर्छन् जो पृथ्वीमा उदय हुनेवाला
छ। १८तर सर्वोच्चका पवित्र जनहरूले राज्याधिकार
पाउनेछन् र सदा सर्वदाका निम्ति त्यो कायम रहने छ।’
१९“त्यसपछि त्यो चौथो जन्तुको अर्थ जान्ने मलाई
इच्छा भयो। त्यो अरुहरू भन्दा बेग्लै थियो जुन
अत्यन्तै डरलाग्दो थियो। त्यसका फलामका दाँतहरू र
काँसाको नङग्राहरू थिए र जसले सबै कुरा चबाएर
निल्थ्यो र बाँकी रहेको खुट्टाले कुल्चिन्थ्यो। २०त्यसको
टाउकोमा दशवटा सिङ्गहरू थिए अनि बीचमा अर्को
सिङ्ग उम्रियो। त्यस सिङ्गले अरु दशवटा सिङ्गहरूबाट
तीनवटा उखेल्यो। त्यस सिङ्गको घमण्डसित बोल्न
एउटा आँखा एउटा मुख थियो। यो अरु सिँगहरू
भन्दा ठूलो देखिन्थ्यो। म यस दर्शनको विषयमा जान्न
चाहन्थें। २१मैले हेर्दा हेर्दै त्यो सिङ्गले पवित्र मानिसहरूसँग
युद्ध अनि अरु माथि आक्रमण गर्न शुरु गर्‍यो।
२२जब सम्म त्यो अति प्राचीन राजा आएर न्याय
गरेनन्, प्राचीन राजाले सीङ्गको न्यायको घोषणा गरे
अनि ती पवित्र जनहरूले राज्य अधिकार प्राप्त गर्ने
समय आयो।
२३“उहाँले मलाई यो जवाफ दिनुभयो: ‘चौथो डरलाग्दो
पशुले एउटा अर्को चौथो राज्यको प्रतिनिधित्व गर्छ। यो
अरु राज्यहरू भन्दा बेग्लै हुनेछ। यस चौथो राज्यले
समस्त पृथ्वीलाई निल्नेछन्, यसलाई कुल्चेर धूलो-पीठो
पार्नेछ। २४त्यो दशबटा सीङ्गले दशजना राजाहरू यस
राज्यबाट खड़ा गर्नेछ। अनि त्यसपछि अर्को एउटा राजा
खड़ा हुनेछ। त्यो चाहिँ अघिका राजाहरू भन्दा बेग्लै
हुनेछ। त्यसले तीन राजाहरूलाई परास्त गर्नेछ। २५त्यसले
सर्वोच्चको विरुद्धमा नै बोल्नेछ, सर्वोच्चका पवित्र
जनहरूलाई धुजा-धुजा पार्नेछ। त्यसले तोकिएको समय
र व्यवस्थाहरू बद्लने विचार गर्नेछ अनि पवित्र
जनहरूले त्यसको शक्तिमा, साढ़े तीन वर्ष राज्यको
शक्ति सुम्पिदिनेछन्।
२६“‘तब न्यायको दरवार बस्नेछ र आखिरमा त्यसलाई
शेष पार्न त्यसको सर्वाधिकार खोसिने छ। २७अनि
राज्यधिकार र सर्वाधिकार र स्वर्ग मुनिका सारा राज्यहरूको
महिमा सर्वोच्चका पवित्र जनहरूलाई दिइनेछ। तिनीहरूको
राज्यधिकार सदा सर्वदा हुनेछ। अनि सर्वाधिकार राख्नेहरूले
तिनीहरूकै सेवा गर्नेछन् र तिनीहरूकै आज्ञा पालन
गर्नेछन्।’
२८“विवरण यहीँ अन्त हुन्छ। म दानियल चाँहि मेरो
विचारले गर्दा साह्रै डराएँ, र मेरो अनुहारको रङ्ग पहेँलो
भयो र मैले यो कुरा आफ्नो मनमै राखेँ।”

## एउटा भेड़ा अनि एउटा बोकोको विषयमा दानियलको दर्शन

८ बेलसजर राजाको शासनकालको तेस्रो वर्षमा मैले
यो दर्शन देखें। यस दर्शन त्यो दर्शन पछिको दर्शन
हो। २मैले यो दर्शनमा देखें कि म शूशन शहरमा
थिएँ। शूशन एलाम प्रान्तको राजधानी थियो। मेरो
दर्शनमा म ऊलै नदीको किनारमा थिएँ। ३मैले माथि
आँखा उठाएर हेरें, ऊलै नदीको किनारमा साँढ़ भेड़ो
उभिरहेको थियो। त्यसका दुइवटा लामो सीङ्गहरू थिए
एउटा भन्दा अर्को लामो थियो। लामो सिङ्ग पछि
उम्रेको थियो। ४मैले भेड़ोलाई पश्चिम, उत्तर अनि
दक्षिणका कुनाहरूमा यसले सिँगौरी खेल्दै दगुरी रहेको
देखें। अनि त्यसको शक्तिबाट कसैलाई छुट्टाउन सक्तैन
थियो। यसको आफ्नो शक्तिलाई इच्छा अनुसार प्रयोग
गर्थ्यो।
५मैले उत्तर, पश्चिम अनि दक्षिणमा चीजहरूमा त्यो
भेड़ोका सिँगहरू ठोकिँदै गरेको देखें। अनि अरु पशु
यसको छैउमा उभिन सकेनन्। अनि कसैले तिनीहरूलाई
यसको शक्तिबाट बचाउन सकेनन्। यसले आफ्नो
क्षमता आफूले चाहे जस्तै देखायो।
६अनि बोको दुइवटा सिङ्ग भएको भेड़ोकहाँ आयो।
यो त्यही भेड़ो थियो जुन मैले ऊलै नदीको किनारमा
देखेको थिएँ। अनि बोको एकदमै रिसाएर भेड़ोतिर
कुद्यो। ७मैले बोकालाई भेड़ोतिर कुद्दै गरेको देखें।
अनि बोकाले भेड़ोलाई हान्यो भेड़ोका दुइवटा सीङ्ग
भाँचिदियो। बोकोसित भेड़ोको सामना गर्ने शक्ति थिएन।
बोकोले भेड़ोलाई भूइँमा लड़ायो अनि त्यसलाई कुल्चियो।
भेड़ोलाई बचाउने त्यहाँ कोही थिएन।
८त्यसपछि त्यो बोको एकदमै शक्तिशाली भयो। तर
जब त्यो शक्तिशाली भयो त्यसको सीङ्ग भाँचियो अनि
फेरि त्यो ठूलो सीङ्गको ठाँउमा चार वटा सीङ्ग उम्रिए।
ती चारैवटा सीङ्ग अलगै देखिन्थ्यो अनि चारै दिशा पट्टि
फर्किएको थिए।
९फेरि त्यो चारै सीङ्गहरू मध्ये एउटा सानो सीङ्ग
उम्रियो। त्यो सानो सीङ्ग बढ़ेर ठूलो भयो। यो दक्षिण
पूर्व पट्टितिर बढ़ेर गयो। यो सीङ्ग सुन्दर भूमि पट्टि
बढ़ेर गयो। १०त्यो सानो सीङ्ग बढ़ेर आकाश छुन
पुग्यो। त्यसले धेरै तारा र ग्रहहरूलाई पनि पृथ्वीमा
झारी दियो। ११सानो सिङ्ग बढ़ेर अग्लो भयो। यो

बढ़ेर घाम भन्दा अग्लो भयो। मन्दिरमा चढ़ाउने दैनिक बलि पनि सिँगले रोकिदियो। १२अनुचित रीतिले नै जन-समुदाय अनि दैनिक भेंटीहरू त्यस समक्ष त्यसले चाहे अनुसार गर्न सुम्पियो। यसले सत्यलाई भूईमा फ्याँकिदियो। त्यो आफ्नो प्रत्येक कार्यमा सफल भयो।

१३फेरि मैले कुनै पवित्र मानिसहरू मध्ये एकजनाले बोल्दै गरेको सुनें। तब अर्कोले पहिलो पवित्र मानिसलाई उत्तर दिँदै थियो। पहिलो पवित्र मानिसले भन्यो, "कहिल्यै सम्म यी कुराहरू भई रहनेछन? दैनिक बलिको यो दर्शन, विनाशी पाप जसले नष्ट पार्छ पुण्यस्थलको नियन्त्रण अनि जनसमूदायलाई सुम्पिन्छ?"

१४अर्को पवित्र एकले गने "यो २,३०० दिनको निम्ति हुनेछ। तब पवित्र स्थान स्थापन गरिनेछ।"

## दानियललाई दर्शन उल्था गरियो

१५जब म दानियलले यो दर्शन देखें म यो बुझ्नको निम्ति कराँए। अनि अचानक मानिसको रुप भएको एकजना मेरो छेउमा उभिरहेको देखें। १६त्यसै बेला मैले ऊलै नदीको किनारबाट मलाई बोलाउँदै गरेको मानव स्वर सुनें। स्वरले भन्यो, "हे गब्रियल! यस मानिसलाई दर्शनको अर्थ व्याख्या गरिदेऊ।"

१७त्यसपछि तिनी म उभिएको ठाँउमा आए, उ आउँदा म डरले घोप्टो परेँ। तर उसले मलाई भन्यो, "हे मानिसको पुत्र! यो सम्झ कि यो दर्शनले अन्तको समयलाई संकेत गर्दै छ।"

१८उ बोल्दा बोल्दै म भुइँमा अचेत भएर लडेँ। तर उसले मलाई समातेर म उभिएकै ठाउँमा फेरि उभ्याए। १९गब्रियलले भने, "हेर म तिमीलाई भन्छु क्रोधको अन्त के हुनेछ। किनभने तोकिएको समयमा अन्त हुनेछ। २०तिमीले देखेको दुइ सीङ्गे साँढ़े भेड़ा मादी देश र फारस देशका राजाहरू हुन्। २१त्यो बोको चाँहि यूनानीहरूको राज्य हो। अनि त्यसको निधारको ठूलो सीङ्ग चाहिँ प्रथम राजा हो। २२त्यो भाँचिएको सिङ्गको सट्टामा उम्रेका चार सीङ्गहरू चाँहि चार राज्यहरू हुन, जुन त्यस जातिबाट खड़ा हुनेछन्। तर तुलनामा त्यसको जतिकै पराक्रम हुनेछैन।

२३"ती राज्यका अन्तिम दिनहरूमा जब तिनीहरूको पाप चरमसीमा मा पुगेको हुन्छ, तब एउटा क्रूर निष्ठूर र युद्धकलामा निपुण राजा देखा पर्नेछ। २४त्यसको शक्ति महान हुनेछ, त्यसले अवर्णनीय विध्वंस ल्याउने छ। आफूले गरेको जुनसुकै काममा त्यो सफल हुनेछ। त्यसले ठूला-ठूला जाति र पवित्र मानिसहरूमा विध्वंस ल्याउने छ।

२५"त्यसको मन निरन्तर क्रियाशील रहनेछ, र आफूले रचेको चतुर षडयन्त्रमा त्यो सफल हुनेछ। त्यसले ठूला ठूला युक्तिहरू रच्नेछ। तिनीहरूले नचिताएको समयमा त्यसले तिनीहरूमाथि धेरै विध्वंस ल्याउनेछ। त्यसले प्रधानहरूका प्रधानलाई पनि धाक दिनेछ तर कुनै मानिसको हात विनानै त्यो ढल्नेछ। २६साँझ र बिहानको विषयमा दिइएको यो प्रकाश सत्य छ, तर यो दर्शन तिमीले गुप्त राख्नै पर्छ, किनभने त्यसले धेरै पछि आउने दिनहरूलाई संकेत गर्छ।"

२७त्यसपछि मेरो शक्ति हरायो। केही समय सम्म म बिमारी भइरहें। तब म उठेर फेरि राजाको काममा लागें। तर त्यस दर्शन ले गर्दा म डराई रहें र कसैले मलाई त्यो बुझाउँन सकेन।

## दानियलको प्रार्थना

९ राजा दाराको शासनकालको पहिलो वर्षको समयमा यो घटना घटेको थियो। दारा अहासुरस नाउँ भएका एकजना मानिसको पुत्र थिए। दारा मादीका मानिसहरूसँग सम्बन्धित थिए। उनी बाबेलको राजा भए। २दाराको राज्य कालको पहिले वर्षमा म दानियल केही पुस्तकहरू पढ़िरहेको थिएँ। ती पुस्तकहरूमा मैले देखें कि परमप्रभुले यमिर्याहलाई यो बताउनु भयो कि यरूशलेम पुन:निर्माण कति वर्ष पछि हुन्छ? परमप्रभुले भन्नु भएको थियो यसभन्दा पहिला को यरूशलेम फेरि बनाउन, सत्तरी वर्ष लाग्नेछ।

३तब म फेरि परमेश्वर मेरा मालिकपट्टि फर्किएँ अनि सहायताको निम्ति प्रार्थना गरें। मैले खाना खान छोड़ेँ अनि यस्तो लुगा लगाएँ जसबाट यो बुझियोस् कि म दु:खी छु। मैले आफ्नो टाउकोमा धूलो हालें। ४मैले परमप्रभु मेरो परमेश्वरलाई प्रार्थना गरेँ। मैले मेरा सबै पापहरूको विषयमा उहाँलाई भनेँ मैले भनें, "हे परमप्रभु तपाईं महान अनि भय योग्य परमेश्वर हुनुहुन्छ। तपाईंसित प्रेम गर्ने मानिसहरूसित तपाईंले प्रेम अनि दया गर्नुहुन्छ। तपाईंले तपाईंको करार मानिसहरूसित राख्नु हुन्छ जसले तपाईंको आज्ञाहरू पालन गर्छन।

५"तर परमप्रभु हामी पापी हौं। हामीले नराम्रो कर्म गर्‍यौं, कुकर्म गर्‍यौं, तपाईंको विरोध गर्‍यौ र तपाईंको निष्पक्ष न्याय अनि आदेशबाट टाढ़ा गयौँ। ६तपाईंका दास अगमवक्ताहरू हाम्रा राजाहरू, शासकहरू, पिता पुर्खाहरू अनि देशका सबै मानिसहरूसँग तपाईंको नाउँमा बोलेका थिए! तर हामीले तिनीहरूको कुरा सुनेनौं।

७"हे परमप्रभु, तपाईं असल हुनुहुन्छ अनि सदचारिता तपाईंकै हो! तर आज लाज हाम्रो हो। लाज यहूदा र यरूशलेमका मानिसहरूबाट हो। लाज इस्राएलका सबै मानिसहरूको हो। मानिसहरू जो नजिकमा छ। अनि मानिसहरू त्यसको टाड़ामा छन्। परमप्रभु तपाईंले ती मानिसहरूलाई धेरै जातिहरूको बीचमा छरपष्ट पार्नु भयो। अनि ती देशमा भएका इस्राएलका मानिसहरू लज्जित हुनुपर्छ। तिनीहरूले तपाईंको विरूद्धमा नराम्रो काम गरेका हुनाले तिनीहरू लज्जित हुनुपर्छ परमप्रभु।

८“हे परमप्रभु हामी सबै लज्जित हुनु पर्छ। हाम्रो सबै
राजाहरू र अगुवाहरू लज्जित हुनु पर्छ। हाम्रो पिता-पुर्खाहरू
लज्जित हुन पर्छ। किन? किनभने हामीले तपाईंको
विरूद्ध पाप गरेका छौ; परमप्रभु।
९“तर हे परमप्रभु तपाईं दयालु हुनुहुन्छ। तिनीहरूले
गरेको नराम्रो कार्यहरूका निम्ति तपाईंले मानिसहरूलाई
क्षमा दिनुहुन्छ। अनि हामी तपाईंको विरुद्ध बागी
भएकाछौं। १०हामीले परमप्रभु हाम्रा परमेश्वरको आज्ञा
पालन गरेका छैनौं।
परमप्रभुले उहाँका दासहरू, अगमवक्ताहरू प्रयोग
गरेर हामीहरूलाई नियमहरू दिनुभयो तर हामीले उहाँको
नियमहरू पालन गरेनौ। ११तपाईंको वचन पालन नगरेर
सारा इस्राएलीहरूले तपाईंको व्यवस्था भङ्ग गरेका छन्
अनि त्यसदेखि तर्केकाछन्। परमेश्वरको दास मोशाको
व्यवस्थामा देखाईएका आज्ञा र तोकिएका सराप हामीमाथि
पानी झैं खनिएकाछन्, किनकि हामीले उहाँको विरुद्धमा
पाप गर्‍यौं।
१२“हामीमाथि र यरूशलेममाथि संसारमा कहिल्यै
नभएको विपत्ति ल्याएर हामी र हाम्रा शासकहरूको
विषयमा भन्नु भएका सबै कुरा तपाईंले पूरा गर्नुभएको
छ। १३हामीमाथि आएका सबै विपत्तिहरू मोशाको
व्यवस्थाको पुस्तकमा पहिलानै लेखिएका थिए तर पनि
हामीले आफ्ना परमेश्वरको सम्मानमा केही गरेका
छैनौं। आफ्नो अधर्मको कामबाट हामीले पश्चाताप
गरेनौ तपाईं आफ्नो वचनमा प्रतिवद्ध हुनुहुन्छ भन्ने
कुरामा हामीले ध्यानै दिएनौ। १४यसकारण परमप्रभुले
आफ्नो समयमा यो विपत्ति हामीमाथि ल्याउनु भयो।
आफूले गर्नु भएका सबै कुरामा परमप्रभु हाम्रा परमेश्वर
ठीक हुनुहुन्छ तर पनि हामीले उहाँको आज्ञा पालन
गरेका छैनौं।
१५“अब परमप्रभु हाम्रो परमेश्वर जसले आफ्नो
लोकलाई शक्तिशाली हातद्वारा मिश्र देशबाट निकालेर
ल्याउनु भयो र आजको दिनसम्मै कायम रहने नाउँ
राख्नु भएकोछ हामीले पाप गरेका छौं। १६हे परमप्रभु!
तपाईंको दया, उद्धारको राम्रो कामहरूद्वारा आफ्नो
शहर पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस
हटाउनु होस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाहरूको
दोषले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा सबै
छिमेकीहरूका बीचमा हामी लज्जित भएकाछौं।
१७“अब हाम्रो परमप्रभु हाम्रो प्रार्थना सुन्नुहोस्। म
तपाईंको दास हुँ सहायताको निम्ति मेरो प्रार्थना तिनीहरूको
पवित्र स्थानका निम्ति असल कुराहरू गर्नुहोस्। त्यो
भवन नष्ट भएको थियो। तर मालिक, तपाईं आफ्नै
राम्रोको निम्ति यी असल कुराहरू गर्नुहोस्। १८मेरो
परमेश्वर आफ्नो कान थापेर सुन्नुहोस्, आफ्नो आँखा
खोल्नहोस् र हाम्रो उजाड़ अवस्थामाथि र तपाईंको नाउँ
भएको शहरमाथि निगाह राख्नहोस्। हाम्रो आफ्नै
धार्मिकता द्वारा होइन, तर तपाईंको असीम दयाद्वारा
तपाईंको सामुन्ने हामी आफ्नो अन्तर-बिन्ती टक्राउँदछौं।
१९हे परमप्रभु! सुन्नुहोस्, मेरा परमेश्वर हाम्रो पाप
क्षमा गर्नुहोस्, मेरो परमेश्वर हाम्रो प्रार्थना सुनेर त्यस
अनुसार गरिदिनु होस। किनभने यो तपाईं आफ्नो
भलाईको निम्ति गर्नुहोस, ढ़िलो नगर्नुहोस, तपाईंको
शहर र तपाईंको लोक तपाईंकै नाउँले कहलाइएकोछन।”

### ७० हप्ताको विषयमा दर्शन

२०यसरी म बोल्दै, प्रार्थना गर्दै मेरो आफ्नो पाप र
मेरा जाति इस्राएलीको पापको पश्चाताप गर्दै र उहाँको
पवित्र डाँड़ाको पक्षमा परमप्रभु मेरो परमेश्वरको सामु
मेरो अन्तर-बिन्ती टक्राइरहेको थिएँ। २१जतिबेला म
प्रार्थना गरिरहेको थिएँ तब तिनै मानिस ग्याब्रिएल,
जसलाई मैले अघि दर्शनमा पनि देखेको थिएँ, सांझको
बलिदानको समयमा चाँड़ो गरी उड़दै मेरो छेउमा आए।
२२स्पष्टसित बोल्दै तिनले मलाई बुझाए, तिनले भने,
“दानियल अहिले म तिम्रो समझ खोलिदिनलाई आएको
छु। २३जब तिमीले आफ्नो बिन्ती शुरु गरिरहेका थियौ
तब एउटा वचन आयो। म तिमीलाई त्यही दिनलाई
आएको छु, किनभने तिमी अति प्रिय मानिस छौ। त्यो
वचन राम्ररी विचार गर, त्यस दर्शनलाई विचार गर।
२४“तिम्रो जाति र तिम्रो पवित्र शहरको निम्ति सत्तरी
हप्ता तोकिएको छ। त्यसपछि विद्रोह थामिनेछ, पापको
अन्त हुनेछ, दोषको प्रयाश्चित गरिनेछ। अनन्तको
पवित्रता शुरु हुनेछ, दर्शन र भविष्यवाणी अन्त हुनेछ
अनि सबै भन्दा पवित्रस्थान पवित्र तुल्याइनेछ।
२५“त्यसपछि यो जान र बुझ, यरूशलेमको पुन:प्राप्ति
र पुन:निर्माण हुनेछ भन्ने वचन निस्केको समयदेखि
एक अभिषिक्त जन, एक राजकुमार देखा परेको समय
सम्म सात हप्ता बित्नेछ। त्यसपछि बासट्ठी हप्ता सम्म
गल्ली र नाला समेत पुन:प्राप्ति र पुनर्निर्माण भइसकेको
अवस्थामा रहनेछ। २६त्यस समयमा अर्थात बासट्ठी
हप्तापछि अभिषेक गरिएको मानिस हटाइनेछ। त्यसपछि
एकजना राजकुमारको सेनाले आक्रमण गर्नेछ अनि
शहरका पवित्र स्थान ध्वंश गर्नेछ। तब त्यहाँ ठूलो युद्ध
हुनेछ अनि सम्पूर्ण ध्वंशको योजना बनाइनेछ।
२७“तब भविष्यका शासकले धेरै मानिसहरूसित
सम्झौता गर्नेछ। यो एक हप्ता सम्म चल्नेछ। आधा
हप्ता सम्मको निम्ति भेटी अनि बलिदानहरू रोकाउनेछ।
अनि एकजना विध्वंशक आउनेछ। उसले डरलाग्दो
विनाशक कर्महरू गर्नेछ। तर परमेश्वरले त्यस विध्वंसको
ध्वंशका निम्ति आदेश दिइसक्नु भएकोछ।”

### टाइग्रिस नदी छेउमा दानियलको दर्शन

१० कोरेसको शासनकालको तेस्रो वर्षमा कोरेस
फारसको राजा थिए भन्ने खबर दानियलले

पाए। खबर साँचो थियो अनि यो एउटा ठूलो युद्धको
विषयमा थियो। दानियलले त्यो बुझिहाले। यो कुरा
एउटा दर्शनमा उसलाई बताइएको थियो। २त्यस समय,
म दानियल तीन हप्ता सम्म दु:खी भएँ। ३मैले राम्रो
खाने कुरा खाइन, मैले कुनै प्रकारको दाखरस र मासु
खाइन। कुनै प्रकारको तेल टाउकोमा लगाइन, राम्रो
लुगा लगाइन तीन हप्ता सम्म मैले केही पनि गरिन।

४"पहिलो वर्षको चौबीसौं दिनमा मैले आफूलाई
ठूलो नदी अर्थात टाइग्रिस नदीको किनारमा पाएँ।
५मैले माथि हेरें, र सुतीको लुगा लगाएको मानिसलाई
देखेँ। उसले ओपीरको सुनको पटुका कम्बरमा बाँधेका
थिए। ६उनको शरीर फिरोजा पत्थर जस्तै चहकिलो
थियो। उनको अनुहार बिजुली जस्तै चम्कन्थ्यो, उनको
आँखा राँको झैं बलिरहेको थियो, उनका हात र
खुट्टाहरू टल्काइएको काँसाको भाँड़ा जस्तै थिए।
उनको बोलि भीड़को आवाज जस्तै थियो।

७"म दानियल त्यस दर्शन हेरिरहने एक मात्र मानिस
थिएँ, मेरो छेउमा हुने कसैले त्यो दर्शन देखेनन्। तर
तिनीहरू एकदमै डराएका थिए अनि आफूलाई लुकाउन
भागे। ८अनि म एक्लै छोड़िएँ, म एक्लैले त्यो
महादर्शन हेरें, तर मसँग केही शक्ति पनि रहेन। म
मानिसको पुत्ला जस्तै भएँ। मैले सबै शक्ति पनि हराएँ।
९जब मैले तिनी बोलेको सुनें, म भूइँमा अचेत भएर
लड़ें, जब मैले उनी बोलेको सुनें, मैले आफ्नो अनुहार
भूइँमा निहुराएँ।

१०"तब एउटा हातले मलाई छोयो। म मेरो हात र
घुड़ाँ टेकेर उभिएँ, म एकदमै डराएँ र म कामिरहेको
थिएँ। ११दर्शनको मानिसले मलाई भन्यो, 'दानियल
परमेश्वरले तिमीलाई अतिनै प्रेम गर्नुहुन्छ। मैले तिमीलाई
भन्न लागेको वचनको विषयमा राम्ररी ध्यान देऊ।
उभिए, मलाई तिमीकहाँ पठाइएको हो।' तब उहाँले
मलाई यसो भन्नुभयो, उठ, म उठें। म अझै
कामिरहेको थिएँ किनभने म डराएको थिएँ। १२त्यसपछि
फेरि उ बोल्यो, 'नडराऊ दानियल, पहिलो दिनबाट नै
तिमीले निश्चय गरेका थियौ कि परमेश्वरको छेउमा
तिमी विनम्र र विवेकपूर्ण रहनेछु। परमेश्वरले तिम्रो
प्रार्थना सुन्दै आउँनु भएकोछ, तिमी प्रार्थना गरिरहेका
छौ, यसैले म तिम्रोमा आएको छु। १३फारसको
राजकुमारले एक्काईस दिनसम्म मेरो विरोध गरिरह्यो।
तर अचानक, मिकाएल एकजान प्रमुख राजकुमारले
मलाई सहायता गर्न आए, किनकि म फारस देशको
राजासँग अलमलिएको थिएँ। १४म तिमीलाई त्यो
बताएर सहायता गर्न आएको छु कि भविष्यमा तिम्रा
मानिसहरूमाथि घटना घट्नेछ। त्यो दर्शन आउनेवाला
समयको विषयमा हो।'

१५"जब उनले मलाई त्यसो भने, म बोल्न सकिन
अनि आफ्नो अनुहार भुइँतिर निहुँराएँ। १६त्यस पछि
मानिस जस्तो कोही देखा पर्‍यो। मेरो ओठ छोयो अनि
अगाड़ी उभियो। मैले आफ्नो मुख खोलें र बोलें।
'महोदय, जब मैले पहिलो दर्शन देखें, यसले मेरो मुटु
डरले काम्यो मेरो बलनै रहेन। १७महाशय म तपाईंको
दास दानियल, म कसरी तपाईंसँग बात गर्न सक्छु?
अहिले सम्म मसँग उभिनलाई बलनै छैन र सास फेर्न
पनि सकेको छैन।'

१८"एकपल्ट फेरि त्यो मानिस जस्तो देखिनेले मलाई
हुए, मलाई जब उसले छुयो मैले झन असल अनुभव
गरें। १९त्यसपछि उनले भने, 'प्रिय मानिस, नडराऊ!
बलियो होऊ।' "जब उनी मसँग बोलिसक्नु भयो, मैले
शक्ति पाएँ अनि भनें, 'महाशय, दया गरी बोल
किनभने तपाईंले मलाई बल दिए।'

२०"त्यसपछि उनले भने, 'के तिमीलाई थाहा छ म
तिमीकहाँ किन आए? म फारसको राजकुमार सँग युद्ध
गर्न जान्छु। जब म छोड़ेर जान्छु, त्यस पछि यूनानको
राजकुमार आउनेछ। २१तर म तिमीलाई सत्यको पुस्तकमा
लेखिएका कुराहरूको बारेमा भन्नेछु। यी राजकुमारहरूको
विरुद्ध माइकल बाहेक मेरो पक्षमा कोही पनि छैन्,
जसले तिम्रो मानिसहरूमाथि शासन गर्छ।

११ मादिका राजा दाराको शासनकालको पहिलो
वर्षमा उसलाई बल अनि सहायता दिन म
उभिएँ।

२"'अब म तिमीलाई साँचो कुरा बताउँदैछु। तीनजना
राजाहरूले फारसमा शासन गर्ने छन्। त्यसपछि चौथो
राजा आउनेछन्, तिनी आफूभन्दा अधिका राजाहरू
भन्दा धनी हुनेछन्। तिनी यूनान राज्यको विरोधमा
प्रत्येकलाई उक्साउनका निम्ति शक्ति प्राप्त गर्नलाई
आफ्नो सम्पत्ति उपयोग गर्नेछन्। ३यसपछि एकदमै
शक्तिशाली राजा आउनेछ, त्यसले ठूलो शक्तिसँग राज्य
चलाउनेछ, उसले जे चाहन्छ त्यही गर्ने छ। ४शक्तिशाली
राजा आए पछि त्यसको राज्य टुक्रा-टुक्रा हुनेछ।
उसको राज्य संसारको चार भागमा बाँड़िनेछ। उसको
राज्य उसको नाताहरूमा बाड़िनेछैन, जुन शक्ति उसमा
थियो, त्यो उसको राज्यमा हुने छैन।

५"'दक्षिणको राजा शक्तिशाली हुनेछ। तर यसपछि
उसको एउटा सेनापति उ भन्दा पनि शक्तिशाली हुनेछ
त्यो सेना नायकले शासन गर्न थाल्नेछ, अनि एकदमै
शक्तिशाली हुनेछ।

६"'फेरि केही वर्षपछि एउटा सन्धि हुनेछ अनि
दक्षिणका राजाकी छोरीसित उत्तरका राजाको विवाह
हुन्छ। यो शान्तिका निम्ति गरिनेछ, तर तिनका सन्तान
बलिया हुने छैनन्। तिनको नानी तिनलाई समर्थन गर्ने
एकजनालाई सुम्पिनेछन्।

७"'तर तिनको परिवारबाट एउटा मानिस दक्षिणी
राजाको स्थान लिन आउँनेछ। उसले उत्तरी राजाको
सेनामाथि आक्रमण गरेर सुदृढ़ किल्लामा प्रवेश गर्नेछ।

अनि युद्ध जितेर विजयी हुनेछ। ८उसले उनीहरूका
देवताका मूर्तिहरू, चाँदी र सुनका बहुमूल्य वस्तुहरू
लुट्नेछ। अनि केही वर्षकोलागि उत्तरको राजालाई
एक्लै छोड़ने छन। ९फेरि त्यो राजाले दक्षिणी राजामाथि
आक्रमण गर्नेछ। तर पराजित भएर आफ्नो देश
फर्कनेछ।

१०“‘फेरि उसका छोराहरूले युद्धको निम्ति विशाल
सेना जुटाउने छन्। अनि तिनीहरूले रोक्न नसकिने बाढ़
झैं युद्ध जित्दै जानेछन्। र दक्षिणको राजाको किल्ला
सम्म युद्ध गर्दै जित्नेछ। ११त्यस पछि दक्षिणको राजा
क्रोधित भएर उत्तरको राजासँग युद्ध गर्न निस्कने छ।
उनले एउटा ठूलो सैन्यदल जुटाउनेछ तर उनको सेनाको
हार हुनेछ। १२त्यो ठूलो सैन्यदलले हार्नेछ, अनि ती
सेनालाई अन्तै लगिनेछ। उ अत्यन्तै अभिमानी हुनेछ
अनि हजारौं-हजारौ सेनाहरूलाई मार्नेछ, तर पनि यसबाट
उसलाई सफलता हासिल हुनेछैन। १३त्यसपछि उत्तरको
राजाले फेरि पहिला भन्दा पनि ज्यादा सख्यामा सैनिक
भेला पार्नेछ। अनि केही वर्ष पछि उनले आक्रमण
गर्नेछन्, त्यो सैन्यदल एकदमै ठूलो हुनेछ अनि तिनीहरूसँग
धेरै हात-हतियार हुनेछ अनि युद्धको तयारीमा हुनेछ।

१४“‘त्यो समयमा, धेरै मानिसहरूले दक्षिणका राजाको
विरोध गर्नेछन्। केही तिम्रा आफ्नै मानिसहरू युद्ध गर्ने
मन पराउथे दक्षिणको राजाको विरूद्धमा बागी हुनेछ।
तिनीहरूले विजय प्राप्त गर्ने छैनन, तर तिनीहरूले
दर्शनलाई सत्य गराउँछन, जब तिनीहरूले यसो गर्छन।
१५तब उत्तरको राजा आएर धेरा-मचान उठाउनेछन् र
पर्खाल भएको शहरलाई लिनेछन् अनि दक्षिणको सेनाले
तिनको सामना गर्न सक्नेछैन, यहाँ सम्म कि सेनाका
वीर जवानहरू पनि तिनको सामन्ने अड़िन सक्ने छैनन्।

१६“‘शत्रुहरूले यसरी तिनीहरूलाई जे मनपर्छ त्यही
गर्नेछन्। तिनको विरोधमा कोही पनि उठ्न सक्नेछैन।
तिनले मनोरम जग्गामा नियन्त्रण गर्ने शक्ति प्राप्त
गर्नेछन्। १७फेरि उनले दक्षिणका सबै राज्यहरू आफ्नो
अधीनमा ल्याउने निश्चन गर्नेछन् र उचित शर्तहरू
राख्नेछन्, अनि त्यस राज्यलाई नाश गर्नका निम्ति
एउटी स्त्रीलाई विवाह गर्नेछन्। तर न ता त्यो स्त्री
उसँग बस्छे न त उसको अभिप्राय सिद्ध हुन्छ।

१८“‘यसपछि उत्तरका राजाले भूमध्य सागरको किनार
हुँदै देशहरू र टापूहरूका धेरैलाई कैदी बनाउनेछन्। तर
एउटा सेनापतिले तिनलाई थर्काएर तिनको धाकलाई
अन्त गरिदिनेछन् अनि उसले उत्तरका राजालाई
लज्जित पार्नेछ।

१९“‘यसरी उत्तरको राजा स्वंय आफ्नो देशको सदृढ़
किल्लामा फर्केर जानेछन् र उनको पतन हुनेछ, फेरि
कहिल्यै पनि त्यहाँ देखिने छैनन्।

२०“‘उनी पछि फेरि एकजना यस्तो आउनेछन् जसले
सरकारी रक्षकको साथ एउटा अधिकारीलाई कर उठाउन
पठाउनेछ। उसको पनि चाँडैनै अन्त हुनेछ। तिनको
अन्त न त खुल्ला रुपमा न त युद्धमा हुनेछ।

२१“‘यसपछि एकजना एकदमै निष्ठुर अनि घिनलाग्दो
मानिस आउनेछ। उसले राज परिवारको एकजना
उत्तराधिकारी हुने सम्मान पाउनेछैन्। आफ्नो चलाकीद्वारा
उ अप्रत्याशित ढंगले राजा हुनेछ। २२उसले शक्तिशाली
विशाल सेनाहरूलाई हराइदिन्छ अनि सम्भौता अनुसार
सन्धि गरेका मुखियाहरू पनि परास्त हुनेछन्। २३त्यसपछि
धेरै देशहरूले त्यो क्रुर राजासँग सन्धि गर्नेछन् तर उसले
उनीहरूसँग भूटो र चलाक पूर्ण व्यवहार गर्नेछ। उ
अत्यन्तै शक्तिशाली बिनिनेछ। तर थेरै मानिसहरूले मात्र
उसलाई समर्थन गर्नेछन्।

२४“‘जब त्यस प्रदेशको सर्वाधिक धनी क्षेत्रले आफूलाई
शान्ति र सुरक्षित अनुभव गर्छ, त्यति नै बेला उसले
धनहरू लुट्नेछ र आफू पछि लाग्नेहरूलाई लूट्को धन
दिनेछ। त्यसका पिता पुर्खाहरूले गर्न नसकेको काम
त्यसले गर्नेछ।

२५“‘त्यस पछि उसले आफ्नो पुरै शक्ति अनि सबै
सेना र साहस दक्षिणको राजाको विरुद्धमा लगाउनेछ।
दक्षिणी राजाले पनि एउटा ठूलो अनि शक्तिशाली
सैन्यदल जुटाउनेछन, तर विश्वासघातीहरूको षड़यन्त्रले
दक्षिणी राजाको हार हुनेछ। २६तिनै राजाहरू जुन
दक्षिणी राजाले मित्र सम्भिन्थे, जसले उनको नुन
खाएका थिए तिनीहरूले उनलाई हराउँनेछन् र तिनका
सेनालाई परास्त पार्नेछन् र धेरैजना नै युद्धभूमिमा
मर्नेछन्। २७ती दुवै राजाहरूले दुष्ट योजनाहरू बनाउँने
छन् र एउटै टेबलमा बसे पनि एउटाले अर्कोलाई
ढ़ाँट्ने छन् र त्यो योजना सफल हुनेछैन किनकि
उनीहरूको अन्त हुने समय परमेश्वरले निर्धारित गरिसक्नु
भएकोछ।

२८“‘उ धेरै धन सम्पत्ति लिएर आफ्नो देश फर्कने
छ। फेरि त्यो पवित्र वाचा प्रति नराम्रो कर्म गर्ने निर्णय
लिनेछ। उसले आफ्नो योजना अनुसार काम गर्नेछ
अनि आफ्नो देश फर्कनेछ।

२९“‘फेरि उत्तरको राजाले ठीक समयमा दक्षिणका
राजामाथि आक्रमण गर्नेछ तर यसपल्ट उ पहिलो पल्ट
जस्तो सफल हुँदैन। ३०पश्चिमबाट जहाजहरू तिनको
विरुद्धमा आउनेछन् अनि ऊ पराजित हुनेछ र फर्किनेछ।
पवित्र करारमाथि उसले आफ्नो रीस देखाउनेछ। उ
फर्किनेछ अनि तिनीहरूलाई सधाउनेछ जसले पवित्र
करार अनुसरण गर्न रोके। ३१तिनले पठाएका सैन्य-
दलहरूले पवित्र स्थानहरू, मन्दिरहरू अशुद्ध पार्ने छन
र नित्य गरिने बलिदान रोक्नेछन। अनि त्यहाँ तिनीहरूले
नाश गर्ने घृणित बस्तुलाई स्थापना गर्नेछन्।

३२“‘तिनले वाचा इन्कार गर्न तयार भएकाहरूलाई
भूटो प्रतिज्ञाहरूद्वारा आफ्नो तर्फमा लानेछन्, तर आफ्ना
परमेश्वरमा विश्वासी मानिसहरू दृढ़ भएर बस्नेछन।

३३“‘ज्ञानी-शिक्षकहरूले साधारण मानिसहरूलाई
परिस्थिति बुझ्नु सहायता गर्नेछन। तर जो विवेक पूर्ण
छन उनीहरूलाई तरवारले काटेर आगोमा हालेर अथवा
बन्दी भएर मारिए। ३४जब तिनीहरू लड्नेछन्, तिनीहरूले
अलिकति सहायता पाउँनेछन् अनि झूटा मानिसहरू
तिनीहरूसँग सामेल हुनेछन्। ३५केही ज्ञानी शिक्षकहरू
मारिने छन्। यस्तो गरिनेछ, जसले गर्दा तिनीहरूलाई
अन्तिम दिनहरूमा बलियो शुद्ध अनि निर्दोष बनाइनु
सकियोस्। तोकिएको समयमा किनभने आउनेछ।’”

### राजा जसले आफूलाई महिमा गर्छ

३६“‘फेरि राजाले जे इच्छा लाग्यो त्यही गर्नेछन।
उसले आफ्नो विषयमा बढ़िबड़ाई गर्नेछ, अनि आफ्नो
प्रशंसा गर्ने छ। उसले सोच्ने छ उ कुनै देवता भन्दा
ज्यादा राम्रो छ। उसले यस्तो कुरा गर्नेछ जुन कहिल्ये
कसैले पनि सुनेको छैन। उसले देवताहरूको परमेश्वरको
विरोधमा यस्तो कुरा गर्नेछ। उ त्यति बेला सम्म सफल
हुन्छ जतिबेला सम्म यो सबै नराम्रो घटनाहरू घट्दैन,
तर नराम्रो घट्ना अवश्य घट्नेछ।

३७“‘आफ्नो पिता-पुर्खाहरूका देवताहरू र स्त्रीहरूका
प्रिय देवताको उसले अवहेलना गर्नेछ। तिनले कुनै
देवताको वास्ता गर्ने छैन्। तिनले आफैलाई उनीहरू
सबै भन्दा उच्च पार्नेछन। ३८त्यसको सट्टामा तिनले
आफ्नो पिता-पुर्खाहरूले नजानेको किल्लाको सुन र
चाँदी, रत्न र बहुमूल्य उपाहार चढ़ाएर मान गर्नेछ।

३९“‘उ अनि उसका विदेशी देवताहरूले आफ्नो
किल्लाहरू बलियो पार्नेछ। तिनको निगाहमा भएकाहरूलाई
तिनले सम्मान दिएर र साधारण मानिसहरूलाई जागिर
दिएर तिनीहरूलाई मानले परिपूर्ण पार्नेछ।

४०“‘आखिरमा दक्षिणका राजाले उत्तरका राजाको
विरुद्ध युद्ध चलाउनेछन। उत्तरका राजा रथहरू पैदल
फौजहरू अनि धैरे जहाजहरू लिएर आक्रमण गर्न
आउँनेछ। उ भूमिबाट बाढ़ी जस्तै आउनेछ। ४१फेरि
उनले सुन्दर भूमिमा आक्रमण गर्ने छन् अनि धेरै
पराजित हुने छन्। तिनीहरू मध्ये एदोम, मोआब अनि
अम्मोनियाहरू उसको शक्तिद्वारा बाँच्नेछन्। ४२फेरि
उसले धेरै देशहरूलाई आफ्नो शक्ति देखाउने छ र
मिश्रले पनि यसको शक्ति थाहा पाउनेछ, यो अलग हुन
सक्तैन।

४३“‘उसले मिश्रको सुन, चाँदिको भण्डार अनि
त्यसको सबै सम्पत्ति खोस्ने छ। लिब्नी अनि कूशि पनि
यसको अधीनमा हुनेछन्। ४४तर पछि उसले पूर्व र
उत्तरबाट एउटा समाचार प्राप्त गर्नेछ, अनि उ भयभीत
अनि क्रोधित हुनेछ। धेरै देशहरूलाई वर्वाद बनाउनको
निम्ति अघि बढ़ने छ। ४५उसले आफ्नो राजकीय तम्बु
समुद्र अनि सुन्दर पवित्र पर्वतको बीचमा बनाउनेछ। तर
आखिरमा त्यो अपवित्र राजा मर्ने छ। जब उसको
अन्तिम समय आउँछ, त्यति बेला उसलाई सहायता
दिने कोही पनि हुनेछैन।’”

१२ “त्यस समयमा प्रमुख स्वर्गदूत माइकल तिम्रा
मानिसहरूको रक्षक खड़ा हुनेछ। त्यस समयमा
दुःखहरू र सकंटहरू हुनेछन्। यस्तो सकंट तिनीहरूमाथि
तिनीहरू संयुक्त भएदेखि यता कहिल्यै आएको थिएन।
तर त्यसै बेला तिम्रा मानिसहरू, जसको नाउँ यस
पुस्तकमा लेखिएकोछ, मुक्त गरिनेछन। २अनि ती
पृथ्वीको धूलोमा सुतेका कति चाँहि अनन्त जीवनको
निम्ति अनि कति चाँहि अनन्त शरम र घृणा तिस्कारका
निम्ति ब्यूँझने छन। ३ज्ञानी-शिक्षकहरू उज्जवल आकाश
झैं चम्कनेछन। अनि तिनीहरू तिनीहरूलाई सत्यको
मार्गमा सदा-सर्वदाको निम्ति डोऱ्याउने ताराहरू झैं
हुनेछन्।

४“‘तर तिमी दानियल यो दर्शनलाई बचाएर सुरक्षित
ठाउँमा राख। धेरै मानिसहरू ज्ञानको खोजीमा यता उति
जानेछन। अनि साँचो ज्ञान बढ़नेछ।’

५“त्यसपछि म दानियलले हेरें, अनि देखें अरू दुइ
जना त्यहाँ उभिरहेको थिए, एउटा चाँहि नदी यताको
किनारमा र अर्को चाँहि नदीको अर्को किनारमा थिए।
६एकजना मलमलको लुगा लुगाएको मानिसले अर्को
मानिसलाई सोध्यो जो नदीको प्रवाहमाथि उभिएको
थियो, ‘यस आश्चर्य अन्त गराउन कति समय लाग्नेछ?’

७“त्यो मानिस जसले मलमलको लुगा लगाएको
थियो अनि नदीको वहावको विरुद्ध उभिएको थियो
उसले आफ्नो दुवै हात आकाश पट्टि उठायो। मैले
त्यस मानिसलाई अमर परमेश्वरको नाउँ प्रयोग गरेर
एउटा शपथ गर्दै गरेको सुनें। उसले भन्यो, ‘यो साँढ़े
तीन वर्षको निम्ति हुनेछ। पवित्र मानिसको शक्ति घटने
छ अनि यी सबै कुराहरू एकदमै समाप्त हुन्छन।’

८“मैले यो सुनें तर बुझ्न सकिन, यसैले मैले सोधें,
‘हे महाशय! यी सबै कुराहरू सत्य भए पछि के
हुन्छ।’

९“उसले भन्यो, ‘दानियल, तिमी आफ्नो जीवन
बिताऊ, यो कुराहरू गुप्त राखिएकाछन अनि अन्तको
समय सम्मलाई बन्द गरिएकाछन। १०धेरै जनाले
आफूलाई पवित्र पार्नेछन तर दुष्टहरूले चाँहि दुष्टयाँई
गरिनैरहने छन र तिनीहरू मध्येका कसैले पनि बुझ्न
सक्ने छैनन। ज्ञानी शिक्षकहरूले मात्र बुझ्नेछन।

११“‘नित्य बलि रोकिएको समयदेखि र उजाड़को
घृणित बस्तु स्थापना गरिएको समय सम्म १,२९०
दिन हुनेछ। १२त्यो मानिस धन्य हो जसले १,३३५
दिन पूरा भएको हेर्न पर्खिरहन्छ।

१३“‘अब तिम्रो लागि अन्त सम्मको बाटो पूरा
भयो। तिमी विश्राम गर, सुन अनि त्यसपछि अन्तमा
तिमी आफ्नो भाग प्राप्त गर्नको निम्ति मृत्युबाट फेरि
उठेर आऊ।’”

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html